# बुद्धशान्ति राजपत्र


## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९)सोमबार, झापा, कोशी प्रदेश, नेपाल, बैशाख २२, २०८२ साल (संख्या १


# भाग-१

## स्थानीय सरकार

# बुद्धशान्ति गाउँपालिका

## बुधवारे, झापा

# बुद्धशान्ति गाउँपालिकाको सूचना

बुद्धशान्ति गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको बुद्धशान्ति गाउँपालिकाको बुद्धशान्ति गाउँपालिकाको कृषि, पशुपन्छी कार्यक्रम सञ्चालन तथा अनुदान मापदण्ड, २०८१ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्बत् २०८२ सालको मापदण्ड नं. १

<u>प्रस्तावनाः</u> बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को उद्धेश्य वमोजिम कृषि तथा पशुपन्छी विकासका बिभिन्न बिषयहरुमा प्रदान गरिने अनुदानको वितरणलाई व्यवस्थित र पारदर्शी बनाई प्रभवकारी कार्यान्वयन गर्न बान्छनीय देखिएकोले,

बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को दफा ३० र दफा ५२ ले दिएको अधिकार प्रयोग गरि यो मापदण्ड तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>सक्षिप्त नाम र प्रारम्भः</u> (१)यस मापदण्डको नाम बुद्धशान्ति गाउँपालिकाको कृषि ,पशुपन्छी कार्यक्रम सञ्चालन तथा अनुदान मापदण्ड,२०८१रहेको छ ।

(२) यो मापदण्ड बुद्धशान्ति गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

२. <u>परिभाषाः</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क). "ऐन" भन्नाले बुद्धशान्ति गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन,२०७८ सम्झनु पर्छ ।

(ख). "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

(ग). "कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्नेछ।

(घ). "वडा कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिकाका वडा कार्यालयहरुलाई सम्झनु पर्नेछ ।

(ङ). "आर्थिक बिकास समिति" भन्नाले गाउँ कार्यपालिकावाट गठन भएको कृषि तथा पशुपन्छी हेर्ने बिषयगत समितिलाई सम्झनु पर्नेछ ।

(च). "कार्यालय प्रमुख" भन्नाले बुद्धशान्ति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउछ ।

(छ). “लाभग्राही” भन्नाले कार्यालयबाट प्रदान गरिने सेवा उपभोग गर्ने ब्यक्ति वा संस्थालाई जनाउछ ।

(ज). “प्राबिधिक कर्मचारी” भन्नाले कृषि वा पशुपन्छी सम्वन्धी प्राबिधिक कर्मचारीलाई सम्झनु पर्नेछ।

## परिच्छेद -२

## कृषि तथा पशुपन्छी सेवा तर्फका कार्यक्रमहरुको मापदण्ड

३. कृषि तथा पशुपन्छी कार्यक्रमको प्राबिधिक तथा आर्थिक मापदण्ड अनुसूची १ मा उल्लेख गरिए बमोजिम हुनेछ।

## परिच्छेद ३

## विविध

४. आवश्यक कागजात पेश गर्नुपर्नेः लाभग्राही कृषक/ कृषक समूह/ कृषि फार्म वा कृषि सहकारीले प्राविधिक मापदण्ड अनुसार आवश्यक न्यूनतम जग्गाको स्वामित्व

खुल्ने कागजात, सम्वन्धित वडा कार्यालयको सिफारिस, प्रस्तावना सहित कार्यालयले आवश्यक कागजातहरु माग गर्न सक्नेछ ।

५. <u>लागत अनुमानः</u> अनुदान उपलब्ध गराउँदा उपलब्ध गराउने सामाग्री तथा क्रियाकलापहरुको लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

६. <u>अनुदान सम्बन्धी सूचनाः</u> कार्यालयले अनुदान सम्वन्धी कार्यक्रम सञ्चालनका लागि सार्वजानिक सूचना प्रकाशन गरी कृषकहरूवाट माग संकलन गर्नुपर्नेछ । उत्पादन, तरिका, नतिजा प्रद्धर्शनी जस्ता कार्यक्रमहरु र बाली संरक्षणसँग सम्वन्धीत कार्यक्रमहरुको लागि कृषकहरुको पहिचान तथा रोग किराको नमुना पहिचान गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।

७. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस मापदण्ड बमोजिम भएको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन सम्वन्धित शाखा, बिषयगत समिति वा कार्यालयले गर्न सक्नेछ ।

८. <u>लागत सहभागिताः</u> यस मापदण्डमा उल्लेखित कार्यक्रमहरु आर्थिक मापदण्डमा उल्लेखित अनुदान

रकम बाहेकको कृषक लागत सहभागिता वापतको रकम लाभग्राहीले कार्यालयको बैङ्क खातामा जम्मा गर्नुपर्नेछ वा लागत सहभागिता सुनिश्चित हुनुपर्नेछ ।

९. <u>प्रचलित कानुन लागु हुनेः</u> यस मापदण्डमा उल्लेख भएका बिषयहरु यसै बमोजिम र अन्य उल्लेख नभएका बिषयहरु प्रचलित कानुन अनुसार हुनेछ । साथै यो मापदण्ड बन्नु अघि सञ्चालन भएका कार्यक्रमहरु यसै बमोजिम भएको मानिनेछ ।

१०. <u>अन्तिम ब्याख्याः</u> यस मापदण्डको बुझाइमा कुनै द्धिविधा उत्पन्न भएमा यसको अन्तिम ब्याख्या कार्यालयले गरे बमोजिम हुनेछ ।

११. **प्रदेश तथा संघिय सरकारबाट** सशर्त रुपमा हस्तान्तरण भएका कार्यक्रमहरुको हकमा सम्वन्धित कार्यक्रम कार्यान्वयनका लागि प्राप्त हुने कानुन अनुसार हुनेछ ।

१२. <u>खारेजी र बचाउः</u> कार्यालयले आवश्यकता अनुसार मापदण्डको संशोधन वा खारेजी गर्न सक्नेछ ।

## अनुसूची १

## मापदण्डको परिच्छेद ३ को दफा २ सँग सम्बन्धित

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| १ | कृषि यान्त्रीकरण अनुदान | क. अनुदान प्राप्त गर्ने साझेदारहरु<br>ख. ब्यक्तिगत वा कृषक उपभोक्ता ( एक वा संयुक्त रुपमा एक भन्दा बढि मिलेर आउन सक्ने )<br>ग. संस्थागत उपभोक्ता ( कृषि सहकारी, कृषक समूह, निजि कृषि फार्म )<br>घ. ब्यक्तिगत वा कृषक उपभोक्ता ( एक वा संयुक्त रुपमा एक भन्दा बढि मिलेर आउन सक्ने )<br>ङ. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा लिजमा लिएको कागजात( खाद्यान्न बाली तरकारी बाली आलु बाली फलफूल बाली आदिका लागि न्यूनतम ५ कट्ठा क्षेत्रफल हुनुपर्नेछ )<br>च. आफ्नो नाममा जग्गा नभइ आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजात र सम्वन्धीत जग्गाधनीको मन्जुरीनामा पेश गर्नुपर्नेछ ।<br>छ. आफुले कमाइ आएको जग्गा (गुठि स्वामित्वको वा आफु मोहि भएको समेत ) वा करारमा लिएको भए कम्तिमा ३ बर्षको सम्झौता अवधि बाँकी रहेको प्रमाणसहित पेश गर्नुपर्नेछ ।<br>ज. ऐलानी जग्गा भएमा निस्सा वा खेति गरेको क्षेत्रफल खुलेको वडा कार्यालयले प्रमाणित गरेको कागजात पेश गर्नुपर्नेछ ।<br>झ. संस्थागत उपभोक्ता ( कृषि सहकारी कृषक समूह निजि कृषि फार्म ) | क. पावर टिलर /मिनिटिलर तथा एट्याचमेन्टहरुमा बढिमा ५० प्रतिशत र अन्य सबै प्रकारका यन्त्र उपकरण तथा औजारहरुमा अधिकतम ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. ढुवानीका साधनमा बढिमा ७० प्रतिशत अनुदान उपलब्ध हुनेछ.<br>ग. पोष्ट हार्भेष्ट तथा वजारीकरणका लागी प्रशोधन, ब्रान्डिङ गर्ने यन्त्र उपकरणमा कुल लागतको बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | ञ. संस्थागत निर्णयको प्रतिलिपि तथा जिम्मेवारी दिइ खटाउने पदाधिकारीलाई दिएको अख्तियारी पत्र<br>ट. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ( खाद्यान्न बाली तरकारी  बाली आलु फलफूल बाली आदि) अनुदानमा प्राप्त गर्ने सामाग्रीका आधारमा देहाय अनुसारको क्षेत्रफल हुनुपर्नेछ ।<br>ठ. मिनिटिलर/पावरटिलर/ जोत्न वा हार्भेष्टिङ गर्न आवश्यक पर्ने एट्याचमेन्टहरु/रिपर - कम्तिमा ३० कठ्ठा<br>ड. कम्वायन मिल-कम्तिमा १० कठ्ठा<br>ढ. स्प्रे ट्याङ्की /स्प्रे मेसिन/मकै छोडाउने/मकै रोप्ने मेसिन/साना कृषि  औजार तथा उपकरण- कम्तिमा ३ कठ्ठा<br>ण. बाली बिशेषका काटछाट तथा प्रशोधन गर्न आवश्यक पर्ने कृषि यन्त्र उपकरण तथा औजारहरु(सुपारीको बोक्रा उकाउने/काट्ने /प्रशोधन गर्ने ,रबरको चोप निकाल्ने/ काट्ने, प्रशोधन गर्ने/मरिच/कफि प्रशोधनका लागि आवश्यक यन्त्र उपकरण तथा औजारहरु ) -कम्तिमा सम्वन्धित बाली ५ कठ्ठामा खेति गरेको हुनुपर्ने । | |
| २ | तोरी खेति प्रवर्द्धन कार्यक्रम | क. कम्तिमा ५ कठ्ठा क्षेत्रफलमा तोरी खेति गर्नुपर्ने ।<br>ख. तोरी खेतिमा प्रयोग हुने मल ,बीउ, शुक्ष्म खाद्य तत्व,मौरीको घार तथा तोरी उत्पादन र प्रशोधनमा प्रयोग हुने कृषि यन्त्र उपकरणहरु  उपलब्ध गराउन सकिनेछ । | क. कृषि चुन ,मल,बीउ  साना यन्त्र उपकरण तथा औजारमा अधिकतम ७५ प्रतिशत अनुदान  उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | ग. तोरी खेति हुने क्षेत्रका कृषकहरुलाई स्थलगत तालिम/ माटो परिक्षण/नवितम कृषि प्रविधिको प्रयोग तथा बाली संरक्षण सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।<br>घ. तोरीको उत्पादन बृद्धि गर्न मौरीको आधुनिक घार वितरण /मौरी पालन सम्वन्धी तालिम सञ्चालन गर्न सकिनेछ ।<br>ङ. माटो परिक्षणका आधारमा कृषकहरुलाई कृषि चुन तथा जिप्समको प्रयोग गर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । | ख. पावरटिलर /मिनिटिलर तथा एट्याचमेन्टहरुमा बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. शुक्ष्म खाद्य तत्वहरु शत प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ ।<br>घ. स्थलगत घुम्ति तालिम/माटो परिक्षण तथा बाली संरक्षण सम्वन्धी कार्यक्रममा शत प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ । |
| ३ | बिभिन्न बालीका बीउ वितरण | क. यस कार्यक्रम अन्तर्गत खाद्यान्न बाली, तरकारी बाली घाँसेबाली ,तेलहन बाली , दलहन बाली, मसलाबाली तथा जडिबुटिजन्य बालीको बीउ बितरण गर्न सकिनेछ ।<br>ख. कृषकहरुको माग अनुसार मूलबीउ/प्रमाणित बीउ/उन्नत बीउहरु कृषकहरुलाई उपलब्ध गराउन सकिनेछ ।<br>ग. प्याकेजिङ र लेवलिङ गरेको बीउ मात्र बितरण गर्नुपर्नेछ ।<br>घ. बीउ बितरणका लागि सम्वन्धीत वडा कार्यालय/मूल कृषक समूह तथा कृषक समूहहरुको परिचालन गर्न सकिनेछ ।<br>ङ. घाँसेबालीको लागी Germinations परिक्षण गरेको हुनुपर्नेछ । | बीउमा अधिकतम ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ४ | एक वडा एक उत्पादन कार्यक्रम | क. वडा कार्यालयबाट बाली र कार्यक्रम सञ्चालन हुने क्षेत्र छनौट गर्नुपर्नेछ ।<br>ख. कृषि बिकास शाखाले छनौट भएको बाली र क्षेत्रमा कृषकहरुको पहिचान गरी उपयुक्त क्षेत्र छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>ग. उत्पादनमा आधारित कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>घ. कृषक समूह/कृषि फार्म/कृषि सहकारीलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>ङ. कृषिका लागि नविनतम प्रबिधि/ माटो उपचार/बाली उपचार र बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि हुने/क्षेत्र बिस्तार हुने कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।<br>च. बाली अनुसार कम्तिमा १५ कट्ठा क्षेत्रफलमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>छ. प्राङ्गरिक उत्पादनलाई प्राथमिकता दिनुपर्नेछ ।<br>ज. उत्पादन सामाग्रीहरु मल बीउ बेर्ना जैबिक बिषादी प्लाष्टिक टनेल मल्चिङ ग्रिननेट साना कृषि औजार तथा उपकरण तथा वजारीकरणका लागि आवश्यक पर्ने सामाग्रीहरू अनुदानमा उपलब्ध गराउन सकिनेछ । | क. कुल लागतको बढिमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. जग्गाको तयारीका लागि जोत्न सम्याउन वा गोडमेल गर्न लाग्ने खर्च सम्वन्धीत लाभग्राहीबाट गर्नुपर्नेछ ।<br>ग. तालिम , माटो परिक्षण तथा अन्य प्राविधिक सेवाका लागि कार्यालयको तर्फवाट शतप्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५ | बाली उपचार शिबिर | क. कुनै बालीमा लाग्ने रोग तथा किराको प्रकोप बढेमा त्यस्ता रोग किरा फैलिइ बालीको उत्पादन र उत्पादकत्वमा ह्रास आउने अवस्था देखिएमा त्यस्तो स्थानमा बाली उपचार शिविर सञ्चालन गर्न सकिनेछ ।<br>ख. बाली उपचार शिविरका लागी स्थान र मिति तय गरि सार<br>ग. वजानिक सूचना प्रकाशित गरी कृषकहरुलाई जानकारी गराउनु पर्नेछ ।<br>घ. बाली रोग सँग सम्वन्धित बिषय बिज्ञलाई आमन्त्रण गर्न सकिनेछ । | क. बिषय बिज्ञको सिफारिसका आधारमा किटनाशक, ढुसिनाशक ,ब्याक्टेरियानाशक बिषादी तथा शुक्ष्मखाद्य तत्व निशुल्क बितरण गर्न सकिनेछ । |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | ङ. रोग तथा किरा पहिचानका लागी आवश्यक पर्ने माइक्रोस्कोप लगायतका सामाग्रीहरु खरिद गर्न सकिनेछ ।<br>च. रोगको पहिचान गरी बिषय बिज्ञ कृषि प्राबिधिकको सिफारिसमा जैबिक/रसायनिक बिषादी तथा शुक्ष्म खाद्य तत्वहरु उपलब्ध गराउन सकिनेछ । | |
| ६ | माटो परिक्षण/माटो उपचार/कृषि चुन तथा शुक्ष्म तत्व बितरण कार्यक्रम | क. माटोको PH तथा खाद्यतत्वको अवस्था ,उर्बराशक्ति आदिको पहिचान गरी सोहि अनुसारको माटो उपचारका लागि समय समयमा माटो परिक्षणको व्यवस्था कृषि बिकास शाखाले मिलाउनु पर्नेछ ।<br>ख. माटोको परिक्षणका लागि शिविर सञ्चालन गर्न सकिनेछ ।<br>ग. माटो परिक्षणका लागी बिषय बिज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।<br>घ. माटोको परिक्षणका लागि आवश्यक रयासन/Kit box/ PH meter/Moisture meter / बिकर लगायतका सामाग्री खरिद गर्न सकिनेछ ।<br>ङ. माटो परिक्षणका लागि नमुना संकलन गर्ने बिधि कृषकहरुलाई जानकारी गराउन स्थलगत तालिम तथा बुकलेट/लिफ्लेट बितरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।<br>च. माटो परिक्षणका आधारमा माटोको उपचारका लागी कृषि चुन/शुक्ष्म खाद्य तत्व/जैविक तथा रसायनिक बिषादी तथा औषधी कृषकहरुलाई वितरण गर्न सकिनेछ । | क. स्थलगत तालिम, बुकलेट तथा लिफ्लेट छपाइ, यातायात खर्च, खाना खाजा खर्चमा बिनियोजित वजेटको २५ प्रतिशतमा नबढ्ने गरी खर्च गर्न सकिनेछ ।<br>ख. माटो परिक्षणका लागि आवश्यक पर्ने सामाग्री तथा रि-एजेन्टहरु खरिद गर्न सकिनेछ ।<br>ग. माटो परिक्षणका लागि कार्यालयभन्दा बाहिरबाट बिषय बिज्ञ ल्याउनु पर्ने अवस्थामा दैनिक भ्रमण खर्च उपलब्ध गराउनु पर्नेछ । कार्यालयवाट खटिने बिषय बिज्ञले दैनिक रु १५००।— उपलब्ध गराउन सकिनेछ ।<br>घ. माटो परिक्षणका आधारमा कृषहरुलाई उपलब्ध गराउनुपर्ने कृषि चुन/शुक्ष्म |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | | तत्व बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ७ | बिद्यालय कृषि/पशुपन्छी तथा मत्स्य विकास शिक्षा कार्यक्रम | क. बिद्यालयका बालबालीकाहरुलाई नविनतम कृषि प्रविधि , प्रयोगात्मक कृषि अभ्यास, बिषादी न्यूनिकरण र बिषादीका असर र बच्ने उपाय तथा जुनेटिक रोग , पशुपालन व्यवसाय लगायतका बिषयमा प्राविधिक ज्ञान उपलब्ध गराउने उद्धेशेयले यो कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ख. बिद्यालयको छनौट सम्बन्धीत वडा कार्यालय / सम्वन्धित शाखा/उपशाखा/इकाईसँग समन्वय गरी गर्नुपर्नेछ ।<br>ग. बिद्यालयको छनौट गर्दा माध्यमिक तहका सामूदायिक बिद्यालय र बिद्यालयको आफ्नै स्वामित्वमा कृषि प्रयोजनका लागि उपयुक्त हुने जग्गा भएका बिद्यायलनलाई प्राथिमिकता दिनुपर्नेछ ।<br>घ. बुकलेट/ लिफ्लेट /फ्लेक्स/स्टेशनरी सामाग्री, प्रयोगात्मक कक्षाका लागि आवश्यक पर्ने सामाग्रीहरु, प्रशिक्षक भत्ता,यातायात खर्च, साना कृषि औजार उपकरण , उत्पादन सामाग्रीहरु ( मल ,बीउ, बेर्ना ,बिषादी ,शुक्ष्म खाद्यतत्व आदि ), माटो तथा बाली उपचार सँग सम्वन्धीत सामाग्री, सिचाई पुर्वाधार , साना सिचाई ( पाइप, स्प्रिङ्कलर, बोरीङ ,सिचाई मोटर आदि ) अनुगमन, प्रतिवेदन तयारी,पशु उपचारका लागि प्रयोग हुने औषधी आदिमा खर्च गर्न सकिनेछ ।<br>ङ. बिद्यार्थीलाई प्रयोगात्मक तथा व्यवहारिक ज्ञान तथा शिपको बिकास हुने खालका बिषयबस्तुहरु छनौट गर्नुपर्नेछ । | क. तालिमका लागि प्रशिक्षक भत्ता, स्टेशनरी ,भ्रमण खर्च लगायतमा *बुद्धशान्ति गाउँपालिकाको आर्थिक कार्य सञ्चालन निर्देशिका २०८०* अनुसार हुनेछ ।<br>ख. प्रयोगात्मक कक्षाको लागि उक्त कार्यमा खटिने प्राविधिक कर्मचारीले यातायात खर्च र खाजा खर्च प्राप्त गर्नेछ । कार्यालय भन्दा बाहिरवाट प्राविधिक जनशक्तिको प्रयोग गर्नुपरेमा दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी गरिनेछ ।<br>ग. प्रयोगात्मक सामाग्री, पुर्बाधार निर्माण,साना कृषि औजार तथा उपकरणहरु र हेन्सआउट बुकलेट, लिफ्लेट,फ्लेक्स काम सम्पन्न भएपश्चात सम्वन्धीत बिद्यालय वा वडा कार्यालयलाई हस्तान्तरण गर्न सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | च. नियमित अनुगमन ,सहजीकरण तथा पृष्ठपोषणका लागि कार्यालयले फोकल पर्सन तोक्न सक्नेछ ।<br>छ. उत्पादित बस्तुको बजार व्यवस्था गरी प्राप्त हुने आय अधिकतम ५० प्रतिशत बिद्यालयको कोषमा र बाकी रकम बिद्यार्थीहरुलाई दामासाहिले वितरण हुने व्यवस्था मिलाउनु पर्नेछ । | |
| ८ | बिज बृद्धि कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत बिभिन्न खाद्यान्न , तरकारी,घाँसेवाली, जडिबुटिजन्य बालीको बीउमा आत्मनर्भर बनाउने उद्धेश्यले देहाय अनुसारका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।<br>क. बिज बृद्धि कार्यक्रम सञ्चालन गर्न प्राबिधिक हिसावले उपयुक्त हुने क्षेत्रको निर्धारण गरि उक्त स्थानमा रहेका कृषक समूह/फार्म/कृषि सहकारीसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नपर्नेछ ।<br>ख. खाद्यान्न बालीका लागि कम्तिमा २ हेक्टर तथा तरकारी तथा घाँसेबालीका लागि कम्तिमा १० कठ्ठाको एउटै क्लष्टर मिलेको क्षेत्र छनौट गर्नुपर्नेछ ।<br>ग. बीउ, मल,बिषादी, बीउ उपचार ,रगिङ ,माटो परिक्षण, कृषि चुन वितरण , तालिम, नमुना प्रद्धर्शनी , सिडविन, हार्भेष्टर, प्याकेजिङ बोरा, लेवलिङ , बीउ परिक्षण, साना कृषि औजार तथा बीउ हार्भेष्टमा प्रयोग हुने यन्त्र उपकरण सामाग्रीहरू आदि कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।<br>घ. बीज बृद्धि कार्यक्रम सञ्चालन गर्दा मूल वा प्रमाणित बीउको प्रयोग अनिवार्य रुपमा गर्नुपर्नेछ र त्यस्तो बीउको श्रोत कृषि अनुसन्धान केन्द्र, नेपाल | क. कृषि अनुसन्धान मार्फत नेपाल सरकारका आधिकारीक सरकारी निकायबाट नँया तथा मूल र प्रजनन बीउमा शत प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. क्लष्टरको रुपमा खेति हुने क्षेत्रमा उक्त स्थानमा रहेका कृषक समूह/कृषि फार्मलाई कुल लागतको ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. बीउ उपचार तथा प्राबिधिक सेवा निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ सो बाहेकका उत्पादन सामाग्रीमा बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | सरकारका अन्तर्गतका कृषि बिकास फार्म नेपाल सरकारबाट बीउ उत्पादन गर्न अनुमति प्राप्त भएका आधिकारीक श्रोतवाट मात्र खरिद गर्नुपर्नेछ ।<br>ङ. बुदा नं "घ" अनुसारका संस्थामा कार्यालयको माग अनुसारको जात र परिमाणमा बीउ प्राप्त हुन नसकेमा नेपाल सरकारवाट बीउ विजन इजाजत प्राप्त संस्था वा फार्महरुवाट खरिद गर्न सकिनेछ ।<br>च. बीज बृद्धि कार्यक्रम अन्तर्गत सम्वन्धीत बालीका लागि तोकिए अनुसारको पृथकता दुरी, रगिङ तथा खडा बाली निरिक्षण गरी सम्वन्धीत ठाउँमा बीउ परिक्षणका लागि पठाउनु पर्नेछ । | घ. पोष्ट हार्भेष्टका लागी आवश्यक पर्ने यन्त्र उपकरण तथा सामाग्रीहरुमा बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ङ. नमुना प्रद्धर्शनीका लागि कम्तिमा ३ कट्ठा क्षेत्रफलमा बीउ उत्पादन गर्न लाग्ने लागतको बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>च. खडाबाली निरिक्षण तथा रगिङ कार्यका लागि खटिने प्राविधिक जनशक्तिलाई यातायात खर्च र खाना/खाजा खर्च वापत बाली अवधिभर प्रति क्लष्टर बढिमा ३ पटक सम्मको रु ५००।— का दरले उपलब्ध गराउन सकिनेछ । |
| ९ | बाख्रा पालन प्रबर्द्धन सम्बन्धी कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत उन्नत प्रबिधि अवलम्बन गरी बाख्रा पालनका लागि खोर निर्माण/सुधार , उन्नत जातको बोका/पाठी खरिद तथा ढुवानी , फार्मको जैबिक ब्यवस्थापन सम्वन्धी कार्य, डिपिङ ट्याङ्क निर्माण ,साइलेज उत्पादन सम्वन्धी पुर्वाधार निर्माण, यन्त्र उपकरण खरिद, फार्म व्यवस्थापन सम्वन्धी औजार उपकरण खरिद तथा बाख्रा पालन सम्वन्धी तालिम, अवलोकलन भ्रमण, औषधी | क. तालिम, भ्रमण लगायतका प्राबिधिक सेवा निशुल्क उपलब्ध गराउन सकिनेछ ।<br>ख. उन्नत जातका बीउ बोका/ माउ बाख्रा/पाठापाठी बितरणमा बढिमा |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | , खोप,सप्लिमेन्ट्स, उत्पादित बाख्राको वजारीकरण सम्वद्ध क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ । | ७५प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. गोठ/खोर निर्माण तथा सुधारका लागि बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>घ. फार्मको व्ववस्थापन सम्वन्धी कार्यका लागि बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १० | दुध चिस्यान केन्द्र निर्माण /चिलिङ भ्याट निर्माण | क. यस कार्यक्रम अन्तर्गत दुध चिस्यान केन्द्रका लागि दुध संकलन क्षमताका आधारमा उपयुक्त चिलिङ भ्याट , बोइलर पास्चुलाइजर मिल्क एनालाइजर जेनेरेटर तथा अन्य एक्सेसरी सामान खरिद गरी जडान गर्न सकिनेछ ।<br>ख. चिलिङ भ्याट जडानका लागि टहरो समेत निर्माण गर्न सकिनेछ । | कुल लागतको बढिमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ११ | ब्यवसायिक गाई /भैसिपालन प्रवर्द्धन कार्यक्रम/ ब्यवसायिक पशुपालन प्रबर्द्धन कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत उन्नत प्रविधि अवलम्बन गरी गाई /भैसिका लागि गोठ निर्माण सुधार उन्नत जातको गाई भैसि रागो खरिद तथा ढुवानी,फार्मको जैविक ब्यवस्थापन सम्वन्धी कार्य, साइलेज उत्पादन सम्वन्धी पुर्वाधार निर्माण र यन्त्र उपकरण खरिद, घाँसको बीउ तथा सेड्स खरिद , फार्मको ब्यवस्थापन सम्वन्धी औजार उपकरण खरिद, तालिम, कृषक अवलोकन भ्रमण, पशु उपचार, उत्पादित दुधको वजारीकरण र बिबिधिकरण सम्वद्ध क्रियाकलापहरु सञ्चालन गर्नपर्नेछ । | क. गोठ खोर निर्माण तथा सुधार, उन्नत जातको गाई ,भैसि ,रागो खरिदमा बढिमा ७५ प्रतिशत र फार्मको जैविक ब्यवस्थापन सम्वन्धी कार्य/साइलेज उत्पादन सम्वन्धी पुर्वाधार निर्माण र यन्त्र उपकरण ,औजार खरिदमा बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | | ख. घाँसको बीउ, सेड्स खरिदमा बढिमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. प्राविधिक सेवा तथा पशुको उपचारका लागि आवश्यक औषधी,सप्लिमेन्ट्स तथा खोप निशुल्क उपलब्ध गराउन सकिनेछ । |
| १२ | डेरी उद्योग प्रबर्द्धन कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत यस गाउँपालिकाभित्र रहेका डेरी उद्योगको दुध र दुग्धजन्य पदार्थ संङ्कलन प्रशोधन भण्डारण र वजारीकरण सम्वन्धी पुर्वाधार निर्माण यन्त्र उपकरण दुध ढुवानी साधन खरिद लगायतका क्रियाकलापहरु सञ्चालन गरि डेरी उद्योगको प्रवर्द्धन गर्न सकिनेछ । | कुल लागतको बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १३ | बङ्गुर पालन प्रवर्द्धन कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत बङ्गुर पालनका लागि आवश्यक खोर निर्माण बङ्गुरको पाठापाठी खरिद दाना बनाउने मेसिन खरिद तथा अफ्रिकन स्वाइन फिवरका कारण क्षति पुगेका बङ्गुर फार्म पुनर्स्थापनाका लागि किसानहरुको माग अनुरुपका अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ । | क. बङ्गुरका पाठा पाठी तथा बीर खरिद तथा बितरणमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. दाना बनाउने मेसिन, अन्य यन्त्र तथा उपकरण खरिदमा कुल लागतको ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | | ग. स्वाइन फिबरका कारण क्षति पुगेका बङ्गुर फार्म पुनर्थापना का लागि कुल लागतको बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १४ | पशु बधस्थल तथा माछामासु बिक्रि केन्द्र सुधार तथा निर्माण / डेरी पसल सुधार | क. यस कार्यक्रम अन्तर्गत स्थानिय बजारमा पशु बधस्थल तथा माछा मासु बिक्रि केन्द्र निर्माण तथा सुधारमा खर्च गर्नुपर्नेछ ।<br>ख. बधस्थल निर्माण गर्दा पशुबधशाला र मासु जाँच प्राविधिक निर्देशिका २०६४ मा उल्लेखित पशु बधस्थल सम्वन्धी न्यूनतम पुर्वाधारहरु समावेश गर्नुपर्नेछ ।<br>ग. बधस्थल निर्माण सार्वजानिक जग्गा वा पालिकाको स्वामित्वमा रहेको जग्गामा गर्नुपर्नेछ ।<br>घ. मासु/माछा पसल सुधारका लागि औषत रुपमा मासिक कम्तिमा ५०० के जी मासु वा ५०० के जी माछा बिक्रि गरेको हुनुपर्नेछ ।<br>ङ. डेरी पसल सुधारका लागी कम्तिमा मासिक ३०० लिटर दुध खरिद तथा बिक्रि गरेको हुनुपर्नेछ ।<br>च. डेरी पसल कम्तिमा ३ बर्षदेखि नियमित सञ्चालन भएको हुनुपर्नेछ ।<br>छ. डेरीको लागि डि फ्रिज, चिलिङ भ्याट, क्रिम सेप्रेटर ,खुवा वनाउने मेसिन, मिल्क एनलाइजर, पसलको मर्मत संभार, प्याकेजीङ /ब्रान्डीङ तथा बजारीकरणका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गर्न सकिनेछ । | कुल लागतको बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| १५ | प्रयोगशाला उपकरण खरिद | क. यस कार्यक्रम अन्तर्गत पशुको जाचँका लागि आबश्यक पर्ने प्रयोगशाला सामाग्रीहरु खरिद तथा जडान गर्न सकिनेछ । | क. प्राविधिक लागत स्टिमेट अनुसार सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार प्रयोगशालाका लागि आवश्यक सामाग्री खरिद तथा जडान गर्न सकिनेछ । |
| १६ | पशुपालन सम्वद्ध यान्त्रीकरण कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत भौगोलिक अवस्था र स्थानिय आवश्यकता अनुसार पशुपालनका लागि आवश्यक दाना बनाउने मेसिन, कम्वाइन मिल ,घाँस काट्ने मेसिन ,हाते च्यापकटर, मोटर सहितको च्यापकटर, मिनिटिलर ,कर्नसेलर, काउमेट, दुध दुने मेसिन,चिलिङ भ्याट, मिल्क क्यान, स्प्रे टैंङ्की लगायतका यन्त्र उपकरण खरिद तथा बितरण गर्न सकिनेछ ।<br>ख. कृषकहरूको छनौट गर्दा पशुपालनको सङ्ख्या, बिपन्न कृषक र भौगोलिक अवस्था समेतलाई आधार मानि गर्नुपर्नेछ ।<br>ग. गाइ/भैसि पालनका लागि कम्तिमा २ वटा र बाख्रापालनका लागि कम्तिमा १० वटा पालन गरेको हुनुपर्नेछ ।<br>घ. यन्त्र उपकरण प्रयोग तथा मर्मत संभार सम्वन्धी तालिम सञ्चालन गर्न सकिनेछ । | क. यन्त्र तथा उपकरणमा बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. यान्त्रीकीकरण प्रयोग तथा मर्मत संभार सम्वन्धी तालिम कार्यक्रमहरु निशुल्क रुपमा सञ्चालन गर्न सकिनेछ । |
| १७ | माछा पोखरी निर्माण/सुधार तथा माछाको | क. यस कार्यक्रम अन्तर्गत माछाको नयाँ पोखरी निर्माण /पोखरी मर्मत/क्षेत्र बिस्तार माछाको दाना बनाउने मेसिन/माछाको लागि आवश्यक पर्ने यन्त्र उपकरण, तालिम,स्थलगत सर्बेक्षण , माछाको भुरा बितरण , नश्रल सुधारका लागी | क. कुल लागतको बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | भुरा वितरण कार्यक्रम | उन्नत माउ माछा वितरण , पोषक तत्व,पोखरीको घेरावार आदिमा खर्च गर्न सकिनेछ ।<br>ख. माछा पोखरी कम्तिमा ६ कठ्ठा क्षेत्रफलको हुनुपर्नेछ ।<br>ग. ब्यवसायिक माछा पालनका लागि नेपाल सरकाले सिफारिस गरिएका माछाका भुराहरु मात्र वितरण गर्नुपर्नेछ ।<br>घ. मत्स्य बीमा गरेका कृषकहरुलाई प्राथमिकता दिनुपर्नेछ।<br>ङ. मत्स्य नर्सरीका लागि कम्तिमा १ हेक्टर जलासयमा कम्तिमा ७ वटा पोखरी हुनुपर्नेछ ।<br>च. साधारणतय मत्स्य नर्सरीको लागि ०.७५ देखि १.२ मिटर गहिराइ भएको जलासय हुनुपर्नेछ । | ख. माछाको भुरा बजेटको परिधि र कृषकहरुको मागका आधारमा निशुल्क बितरण गर्न सकिनेछ ।<br>ग. मत्स्य ह्याचरी निर्माण तथा व्यवस्थापनका लागि कुल लागतको बढिमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १८ | बिभिन्न बालीको बाली कटानी(क्रपकटिङ) | क. यस कार्यक्रम अन्तर्गत सामान्यतया जग्गाको किसिम सिचाई सुविधा प्रबिधिको प्रयोग आदिको प्रतिनिधित्व हुने किसिमले निश्चित आकारको सानो खण्डमा बाली कटानी गरी उत्पादकत्व अनुमान गरी तथ्याङ्क संकलन गरिनेछ ।<br>ख. क्रप कटिङ गर्दा नेपाल सरकारद्धारा जारी गरिएको कृषि तथ्याङ्क संकलन एवं बिश्लेषण निर्देशिका २०७१ अनुसार गर्न सकिनेछ ।<br>ग. यस कार्यक्रम अन्तर्गत कृषकहरुलाई बाली कटानीमा हुने क्षति वापतको रकम, क्रपकटिङ कार्यमा खटिने कर्मचारी वा प्राविधिकलाई यातायात खर्च र पारिश्रमिक वापतको रकम तथा मोइस्चर मिटर . मेजरिङ टेप,तराजु तथा आवश्यक सामाग्रीहरु खरिदका लागि खर्च गर्न सकिनेछ । | क. क्रपकटिङ कार्यमा खटिने प्राविधिकका लागि यातायात खर्च र पारिश्रमिक वापत प्रति क्रपकटिङको रु ५००।— का दरले उपलब्ध गर्न सकिनेछ ।<br>ख. कृषकको बाली कटानी गर्दा हुने क्षति वापतको क्षतिपुर्ति रकम बाली अनुसार बढिमा ३००।— उपलब्ध गराउन सकिनेछ । |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | घ. बाली कटानी कार्यका लागि कृषि बिषय अध्ययन गरेका वा कृषि बिषयको कम्तिमा ७ दिनको तालिम लिइ बाली कटानी गरी तथ्याङ्क संकलन गर्न सक्ने सहजकर्ताहरुको परिचालन गर्न सकिनेछ । | ग. बाली कटानी तथा तथ्याङ्क संकलनका लागि आवश्यक पर्ने सामाग्री खरिद गर्न सकिनेछ । |
| १९ | फलफूलको बिरुवा वितरण / फलफूल प्रबर्द्धन कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत फलफूल बालीको क्षेत्र बिस्तार तथा फलफूल बालीमा आत्मनिर्भर बनाउने उद्धेश्यले देहाय अनुसारका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।<br>क. फलफूलको नर्सरी निर्माण /बगैचा व्यवस्थापन/ नर्सरीका लागि आवश्यक पर्ने बीउ ,बेर्ना,मलखाद्य ,रोग किरा नियन्त्रण, माटो परिक्षण, माटो उपचार, तालिम ,बगैचा रेखाङ्कन,साना सिचाई निर्माण तथा मर्मत,कृषि यन्त्र उपकरण,उन्नत फलफूलको बिरुवा वितरण, बिरूवाको ढुवानी आदिमा अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. फलफूलको नर्सरी स्थापनाका लागि कम्तिमा ५ कठ्ठा क्षेत्रफल हुनुपर्नेछ । | क. नर्सरी निर्माण तथा ब्यवस्थापनका लागि कुल लागतको बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. फलफूलका बिरुवा बितरणका लागि बढिमा ८५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. साना सिचाइ निर्माण तथा मर्मत कार्यका लागि बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>घ. माटो परिक्षण/रोग किरा नियन्त्रण/बिरुवा ढुवानी आदि कार्य निशुल्क रुपमा सञ्चालन गर्न सकिनेछ ।<br>ङ. कृषि यन्त्र /उपकरण खरिद तथा बितरण कार्यमा कुल लागतको बढिमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| २० | कृषि /पशुपन्छी सम्वन्धी सर्बे सर्भिलेन्स | क. यस कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्र रहेका कृषि व्यवसायमा आवद्ध कृषकहरुको कृषक समूह गठनका लागि समूहको प्रारम्भिक बैठक छलफल तथा कृषि फार्म दर्ताका लागि फिल्ड अनुगमन ,सर्बेक्षण,कृषक समूह /कृषि फार्म परिचालनका लागि सहजीकरण तथा बिभिन्न बालीमा लाग्ने रोग किरा प्रकोप क्षेत्र पहिचान तथा नियन्त्रणका लागि स्थलगत रुपमा प्राविधिक सेवाका लागि कृषि प्राविधिकहरुलाई परिचालन गर्न सकिनेछ ।<br>ख. यस गाउँपालिकाभित्र रहेका पशुपन्छी फर्महरु तथा कृषकहरुले पालन गरिरहेका पशुहरुमा बिभिन्न किसिमका रोग फैलिन नदिनको लागि समयमानै रोग सर्भिलेन्स गरी बर्डफ्लु ,रेविज, खोरेत, भ्यागुते रोग, लम्पिस्किन, रानी खेत, स्वाइन फिभर ,लगायतका रोगको पहिचान तथा रोगको रोकथामका लागि पशु प्राबिधिकहरूले हप्ताको कम्तिमा २ पटक स्थलगत सर्भिलेन्स गर्नुपर्नेछ । | क. कृषक समूह गठन सम्वन्धी प्रारम्भिक बैठक/छलफल/कृषि फार्म अनुगमन तथा रोग किराको प्रकोप भएका क्षेत्रमा स्थलगत प्राविधिक सेवा , पशुपन्छी फार्महरुको सर्भिलेन्स तथा अनुगमन कार्यमा खटिने प्राविधिक जनशक्तिलाई यातायात खर्च /इन्धन /खाजा खर्चमा दैनिक बढिमा रु ७००।— का दरले खर्च गर्न सकिनेछ । |
| २१ | अवलोकन भ्रमण | क. यस कार्यक्रम अन्तर्गत कार्यालयले अगुवा कृषक/कृषक समूह/कृषि फार्म/कृषि सँग सम्बन्धीत प्राविधिक /जनप्रतिनिधी/उद्यमीहरुलाई कृषि सम्वन्धी असल अभ्यास सिकाइ तथा सिकाइ आदानप्रदानका लागि अवलोकन भ्रमण गर्न सकिनेछ ।<br>ख. कृषकहरुको छनौट गर्दा अवलोकन भ्रमणका सिकेका उपलब्धीहरुको प्रसार गर्न सक्ने अगुवा कृषक छनौट गर्नुपर्नेछ ।<br>ग. अवलोकन भ्रमणमा कृषि/पशुसँग सम्वन्धी अनुसन्धान केन्द्रहरु, कृषि बिकास फार्म, उन्नत प्रबिधि प्रयोग भइ सञ्चालनमा रहेका कृषि तथा पशुपन्छी फार्महरु | क. भ्रमणमा सहभागी हुने कृषकहरुले दैनिक खाना तथा होटल वास वापत दैनिक प्रति कृषक प्रति दिन बढिमा रु १०००।— भत्ता प्राप्त गर्न सक्नेछन् । वा दैनिक सो रकम बराबरको होटल बास र खाना/खाजामा खर्च गर्न सकिनेछ ।<br>ख. कर्मचारी तथा पदाधिकारीहरुले दैनिक भ्रमण खर्च वापतको रकम प्राप्त गर्न सक्नेछन् । वा सो बराबरको होटल |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | , बालीको क्लष्टर क्षेत्रहरु , सफल उद्यमीहरु, कृषि सम्वन्धी उद्योगहरुमा अवलोकन गर्नुपर्नेछ ।<br>घ. यस कार्यक्रम अन्तर्गत सहभागी कृषकहरुलाई दैनिक खाना/होटलवास तथा कर्मचारी/पदाधिकारीहरुको दैनिक भ्रमण खर्च, खाजा, गाडी भाडा,इन्धन, स्टेशनरी, प्रशिक्षक भत्ता, प्रतिवेदन तयारी तथा अन्य भ्रमण सम्वन्धी बिविध सामाग्री(पानी ,ब्याग/टि सर्ट /टोपी/अवलोकन प्रबेश शुल्क/ब्यानर) आदिमा खर्च गर्न सकिनेछ ।<br>ङ. अवलोकन भ्रमण जिल्लाभित्र भएमा बढिमा ३ दिन तथा अन्तरजिल्ला भ्रमण भएमा अधिकतम ७ दिनको हुनेछ ।<br>च. अवलोकन भ्रमणको प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । | बास /खाजा खानामा खर्च गर्न सकिनेछ ।<br>ग. गाडी भाडा/इन्धन स्वीकृत वजेटवाट खर्च हुनेछ । गाडी भाडा लिने सम्वन्धी भ्रमण शुरु हुनुपुर्व द्धिपक्षिय सम्झौता गर्नुपर्नेछ ।<br>घ. बिभिन्न कृषि अनुसन्धान केन्द्र /फार्म तथा कार्यालयबाट भ्रमणमा सहभागीहरुलाई प्रशिक्षण गरेवापत सम्वन्धीत प्रशिक्षकलाई प्रति कक्षा रु १५००।— का दरले उपलब्ध गराउन सकिनेछ ।बिषय बिज्ञ कृषि बैज्ञानिक भएमा प्रति कक्षा बढिमा २०००।— उपलब्ध गराउन सकिनेछ । |
| २२ | मौरी प्रवर्द्धन कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत मौरीको आधुनिक घार/ मौरी गोला सहितको घार/ मौरी पालनमा आवश्यक पर्ने सामाग्रीहरु तथा औजार उपकरणहरु, मौरी पालन सम्वन्धी तालिम,मौरीको आधुनिक घार निर्माण, गोला बिभाजन, गोला बितरण, अवलोकन भ्रमण , मौरी पालन सर्वेक्षण, मौरीको चरन व्यवस्थापन आदि क्रियाकलाप सञ्चालन गर्न सकिनेछ । | क. आधुनिक मौरी घार/मौरी गोला सहितको आधुनिक घार/मौरी पालनमा प्रयोग हुने यन्त्र उपकरण तथा सामाग्रीहरुमा लागतको बढिमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
| --- | --- | --- | --- |
| | | ख. कृषक छनौट गर्दा चरन क्षेत्र, भौगोलिक उपयुक्तता , मौरी पालनमा कृषकको अनुभव तथा कृषकहरुको रूचि समेतलाई आधार मान्नुपर्नेछ ।<br>ग. मौरीपालन चरन क्षेत्र रहेका सरकारी कार्यालय/सामूदायिक बिद्यालयहरुमा समेत मौरी गोला सहितको घार राख्न सकिनेछ ।<br>घ. मौरी गोला सहितको आधुनिक घारमा कम्तिमा ५ रिटमा मौरीगोला हुनुपर्नेछ । | सकिनेछ । सरकारी कार्यालय र सामूदायिक बिद्यालयमा मौरी गोला सहितको घार निशुल्क रुपमा उपलब्ध गराउन सकिनेछ ।<br>ख. मौरी पालन सम्वन्धी तालिम/अवलोकन भ्रमण तथा अन्य प्राविधिक सेवा कार्यालयले निशुल्क उपलब्ध गराउन सक्नेछ । |
| २३ | मरिच तथा सुपारी प्रवर्द्धन कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत सुपारी तथा मरिच खेतिको क्षेत्र बिस्तार, नर्सरी स्थापना ,रोग किरा नियन्त्रण, बगैचा सुढ्ढीकरण, उत्पादन तथा प्रशोसधनका लागि आवश्यक पर्ने यन्त्र उपकरण, तालिम,प्रद्धर्शनी, ब्राण्डिङ तथा वजारीकरणमा सहयोग पुग्ने क्रियाकलापहरु, माटो उपचार, सिचाई ब्यवस्थापन आदि कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।<br>ख. सुपारीको बिरुवा न्यूनतम २ बर्षको र मरिचको विरुवा न्यूनतम ६ महिनाको हुनुपर्नेछ ।<br>ग. सुपारीको तथा मरिच नर्सरी स्थापनाका लागी सुपारीको दाना(seed) , मरिचको बीउ/बेर्ना, टनेल घर निर्माण , ग्रीननेट , पोलिब्याग, शुक्ष्म खाद्यतत्व , माटो तथा बिरुवा उपचारका लागी बिषादी ,हर्मोन, साना कृषि औजार तथा उपकरण, | क. मरिच तथा सुपारीको बिरुवामा अधिकतम ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. कृषि यन्त्र उपकरणहरुमा बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. तालिम,माटो उपचार, रोग किरा नियन्त्रण तथा प्राबिधिक सेवा निशुल्क उपलब्ध गराउन सकिनेछ । |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
| --- | --- | --- | --- |
| | | स्प्रे टैंङ्की , सिचाई व्यवस्थापन, मल्चिङ प्लाष्टिक,भर्मिकम्पोष्ट, कोकोपिट आदि शिर्षकमा खर्च गर्न सकिनेछ ।<br>घ. सुपारी तथा मरिचको नर्सरी सिचाईको सुविधा भएको वा हुनसक्ने स्थानमा हुनुपर्नेछ ।<br>ङ. नर्सरी स्थापनाका लागि कम्तिमा ३ कठ्ठा जमिन हुनुपर्नेछ ।<br>च. प्लाष्टिक टनेल घर कम्तिमा एउटा नर्सरी घर १८*३६ फिटको हुनुपर्नेछ । | घ. सिचाई व्यवस्थापनमा कुल लागतको अधिकतम ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ङ. सुपारी तथा मरिचको नर्सरी स्थापनाका लागि कुल लागतको अधिकतम ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>च. जमिनको तयारी ( जोत्ने,सम्याउने, गोडमेल आदि )सम्वन्धीत लाभग्राहीले गर्नुपर्नेछ । |
| २४ | साना सिचाई कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत कुलो पैनी निर्माण /कुलो पैनी मर्मत/ बोरीङ सिचाई/सिचाइ मोटर/ पाइप वितरण/ टेंङ्की निर्माण/प्लाष्टिक पोखरी निर्माण/इनार निर्माण तथा मर्मत, स्प्रिङ्कल वितरण, स्यालो टुवेल जडान आदि क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।<br>ख. सिचाई मोटर माग गर्न कृषकहरुले सिचाई मिटर प्रयोग गरेको प्रमाण पेश गर्नुपर्नेछ ।<br>ग. सिचाईका लागि प्रयोग गरिने जमिनको क्षेत्रफल कम्तिमा ५ कठ्ठा हुनुपर्नेछ । | क. बोरीङको लागि खन्ने तथा गाड्ने ट्युवेल जडान कार्य, इनार निर्माण, पाइप खरिद तथा गाड्ने कार्य सम्वन्धीत लाभग्राहीले गरेमा कार्यालयबाट अनुगमन गरी आवश्यकता अनुसार सिचाईका लागी बढिमा ३ एच पी सम्मको सिचाई मोटर र मोटरको फिटिङमा लाग्ने |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | घ. पशुपन्छीको आहारा व्यवस्थापनका लागि उन्नत जातको घाँस खेतिका लागि सिचाई ब्यवस्थापन गर्न सकिनेछ । | सामाग्री कार्यालयबाट निशुल्क रुपमा उपलब्ध गराउन सकिनेछ ।<br>ख. साना सिचाई कार्यक्रम अन्तर्गत कुलो पैनी मर्मत बोरीङ तथा स्यालो टुवेल जडान लगायतका कार्यमा कुल लागतको अधिकतम ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २५ | नतिजा तथा तरिका प्रद्धर्शन | क. कुनै नयाँ प्रबिधिको महत्व सिद्ध गरी कृषकहरुलाई देखाउन नयाँ प्रविधि र पुरानो प्रबिधि बिच तुलना गरी प्राप्त हुने नतिजा कृषकहरुलाई अनुसरण गर्न तथा प्रसार गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ख. तरिका प्रद्धर्शनमा खेति गरिने प्रविधिमा परिवर्तन गरी प्राप्त हुने सकरात्मक नतिजालाई कृषकहरुसम्म प्रसार गर्नुपर्नेछ ।<br>ग. नतिजा प्रद्धर्शनका लागि जग्गाको छनौट गर्दा सडकको छेउ सजिलैसँग अनुगमन गर्न सक्ने क्षेत्र छनौट गर्नुपर्नेछ ।<br>घ. नतिजा तथा तरिका प्रद्धर्शनका लागि कम्तिमा ३ कट्ठा क्षेत्रफल हुनुपर्नेछ ।<br>ङ. नतिजा प्रद्धर्शन प्लटमा प्रद्धर्शन गरिएको बालीको रेकर्ड बिश्लेषण गरि त्यसको सकरात्मक नतिजा अन्य कृषकहरुमा समेत प्रसार गर्नुपर्नेछ ।<br>च. यस कार्यक्रम अन्तर्गत उत्पादन सामाग्री/प्रबिधि/तालिम/औजार आदि प्याकेजमा उपलब्ध गराउन सकिनेछ । | क. मल बीउ बेर्ना तथा प्रयोग गरिने नविनतम प्रविधिहरुको प्याकेज तयार गरी कृषकहरुको छनौट गरी त्यस्ता कृषकहरुलाई निशुल्क रपमा उपलबेध गराउन सकिनेछ ।<br>ख. नतिजा तथा तरिका प्रद्धर्शन प्रति कृषक बढिमा २५०००।— वा सो बराबरको सामाग्री र प्रबिधि उपलब्ध गराउन सकिनेछ ।<br>ग. कार्यक्रमको नियमित अनुगमन सहजीकरण तथा पृष्ठपोषणका लागि खटिने प्राविधिक कर्मचारीले सम्वन्धीत |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | छ. कार्यक्रम सञ्चालन गर्दा अगुवा कृषक/ब्यवसायिक कृषक/कृषक समूहलाई प्राथमिकता दिनुपर्नेछ ।<br>ज. कृषकहरुलाई नयाँ प्रविधिको अनुसरणका लागि प्रविधिको प्रयोग गर्ने तरिका र त्यसको सकरात्मक प्रभाव दिलाउन प्राविधिकहरुले नियमित अनुगमन सहजीकरण र पृष्ठपोषण गर्नुपर्नेछ ।<br>झ. तरिका तथा नतिजा प्रद्धर्शनमा कृषकहरुले परम्परागत रुपमा गर्दै आउने खेति र नयाँ प्रविधिको प्रयोग गरी गरिने खेतिको लागि फरक -फरक प्लटको व्यवस्थापन गर्नुपर्नेछ ।<br>ञ. साइलेज तथा हे वनाउनका लागि मकै तथा अन्य घासेबालीमा समेत गर्न सकिनेछ । | कार्यक्रमबाट यातायात तथा खाजा खर्च वापत दैनिक बढिमा रु ५००।— उपलब्ध गराउन सकिनेछ ।<br>घ. जग्गा तयारी /कम्पोष्ट तथा रसायनिक मल तथा जग्गाको भाडा सम्वन्धीत लाभग्राहीले ब्यहोर्नुपर्नेछ । |
| २६ | कृत्रिम गर्भाधान सम्वन्धी कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत उन्नत नश्लको बीउबाट गाई भैसी बाख्रा तथा बङ्गुरमा नश्ल सुधार गरि दुध तथा दुधज्य पदार्थको उत्पादनमा बृद्धि गरिनेछ ।<br>ख. तरल नाइट्रोजन खरिद तथा ढुवानी गरी यस पालिकामा रहेका कृत्रिम गर्भाधान गर्ने प्राविधिकहरुलाई नि-शुल्क उपलब्ध गराउन सकिनेछ । यसरी उपलब्ध गराएको नाइट्रोजनको प्रगति प्राविधिकले प्रत्येक महिनाको २० गते गाउँपालिकाको पशुपन्छी तथा मत्स्य बिकास शाखामा बुझाउनु पर्नेछ ।<br>ग. कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनको लागि ए आइ ग्लोव्स, सिथ,सिमेन, कन्टेनर, रेफ्रि ,गन,मदर कन्टेनर लगायतका सामाग्री खरिद गर्न सकिनेछ ।<br>घ. कृषकहरुले कृत्रिम गर्भाधानका लागि गाउँपालिकाको कार्यालयमा ल्याएको पशु चौपायको आर्थिक ऐन बमोजिम शुल्क तिर्नुपर्नेछ । | कृत्रिम गर्भाधान कार्यका लागि आवश्यक पर्ने लजिष्टिक सामाग्रीहरु सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद गरिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | ङ. नेपाल सरकारवाट उत्पादित साडे,राँगो बोका ,बीरको जमेको बीर्य खरिद गरी कृत्रिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>च. पालिकाले कृषकहरुलाई बाच्छि मात्र जन्मने सिमेन खरिद गर्न सकिनेछ । | |
| २७ | पशु पन्छी खोप कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत नेपाल सरकारले २०३० सम्म बिभिन्न रोगहरुको उन्मुलन गर्नको लागी राखेको लक्ष्य अनुसार यस गाउँपालिकाभित्र रहेका गाई/भैसी/बाख्रा/बङ्गुरलाई नि-शुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ तथा बिश्व रेविज दिवशको उपलक्ष्यमा कुकुर बिरालो र बादरलाई ३ दिने नि-शुल्क रेविज बिरुद्धको खोप कार्यक्रम प्रत्येक वडामा सञ्चालन गर्न सकिनेछ ।<br>ख. खोप कार्यक्रम सञ्चालनका लागी आवश्यक पर्ने खोप तथा लजिष्टिकका सामाग्रीहरु खरिद तथा खोप कार्यक्रम सञ्चालन सम्वन्धी प्रचार प्रसार गर्न सकिनेछ ।<br>ग. रेविज बिरुद्धको खोपका लागि कृषकहरुले पालन गरेका घरपालुवा कुकुर ,बिरालो, बादर तथा तिनिहरुको टोकेका पशुबस्तुको खोप लगाउनका लागि आर्थिक ऐन अनुसारको दस्तुर लाग्नेछ ।<br>घ. गाई भैसि बाख्रा बङ्गुर कुखुरामा खोप कार्यक्रम भ्याक्सिनेटरद्धार टोल-टोल वा घर -घरमा गइ सञ्चालन गरिनेछ सो को लागि कार्यालयले भ्याक्सिनेटरको नियुक्ति गरी खटाउन सक्नेछ ।<br>ङ. खोप कार्यक्रमको नियमित अनुगमन पशुपन्छी तथा मत्स्य बिकास शाखाले गर्नुपर्नेछ । | क. भ्याक्सिनेटरलाई संघिय तथा प्रदेश सरकारले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।<br>ख. अनुगमनमा खटिने कर्मचारी तथा प्राविधिकहरुलाई प्रचलित कानुन अनुसार सेवा सुविधा उपलब्ध गराइनेछ ।<br>ग. रेविज बिरुद्धको खोपको दस्तुर बुद्धशान्ति गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।<br>घ. खोपको विवरण कम्युटरमा प्रविष्ट गरेवापत प्रति कृषक रु ३ का दरले पारिश्रमिक उपलब्ध गराउन सकिनेछ ।<br>ङ. खोप तथा लजिष्टिकका सामाग्रीहरु सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार गर्नुपर्नेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | च. भ्याक्सिनेटरले प्रत्येक वडाको आफुले लगाएको पशुपन्छीको खोपको प्रगति विवरण तोकिएमो ढाँचामा तयार गरि वडा कार्यालयबाट प्रमाणित गरि/गराइ बुझाउनु पर्नेछ ।<br>छ. खोपको विवरण सुरक्षित राख्नको लागि खोपको विवरण कम्युटरमा प्रविष्ट गर्नुपर्नेछ ।<br>ज. रेविज दिवशको अवसरमा वडामा नि-शुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ | च. भ्याक्सिनेटरको जिवन सुरक्षाका लागि ५ लाख सम्मको जीवन बीमा गर्न सकिनेछ । |
| २८ | कृषि उत्पादन प्रद्धर्शन कार्यक्रम | क. कृषि प्रसार कार्यकर्ता वा तालिम प्राप्त अगुवा कृषकहरुद्धारा कृषक समूह/फार्महरुमा उन्नत प्रविधि ज्ञान र शिपहरु कसरी प्रयोग गर्नुपर्दछ भन्ने कुराहरु क्रमबद्ध रुपमा सिकाइ कृषकहरुले हाल गरिरहेको उत्पादनमा नविनतम प्रविधि र तरिका प्रयोग गरि उत्पादन र उत्पादकत्व बृद्धि हुने किसिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।<br>ख. उत्पादन प्रद्धर्शन कार्यक्रमका लागि कम्तिमा ३ कट्ठा क्षेत्रफल हुनुपर्नेछ ।<br>ग. बालीको उत्पादन र उत्पादकत्व बृद्धि भए नभएको यकिन गर्न क्रपकटिङ गरी तथ्याङ्क राख्नुपर्नेछ ।<br>घ. उत्पादनमा प्रद्धर्शनीस्थलमा बिरुवालाई आवश्यक पोषक तत्व, सिचाई तथा रोगकिराको नियन्त्रणका लागी प्राबिधिक कर्मचारीले नियमित रुपमा अनुगमन सहजीकरण तथा पृष्ठपोषण गर्नुपर्नेछ ।<br>ङ. यस कार्यक्रम अन्तर्गत उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न उन्नत वीउ ,खाद्यतत्व ,नवितम कृषि प्रबिधि, तालिम, रोग किरा नियन्त्रण, नविनतम कृषि यन्त्र तथा | क. उत्पादन गर्न आवश्यक सम्पुर्ण सामाग्रीको प्याकेज वनाइ कृषक समूह तथा कृषि फार्मलाई शत प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ ।<br>ख. बालीको क्रपकटिङ, तालिम तथा प्राबिधिक सेवा वापत नियमानुसार सेवा सुविधा प्राप्त गर्न सकिनेछ ।<br>ग. प्रति प्रद्धर्शन कार्यक्रम सञ्चालनका लागी अधिकतम रु ५००००। वा सो बराबरको सामाग्री अनुदान उपलब्ध गराउन सकिनेछ । सो भन्दा माथि लागत लाग्ने अवस्थामा सम्वन्धीत लाभग्राहीले ब्यहोर्नुपर्नेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | उपकरणको प्रयोग,फलफूल बगैचा सुधार, प्राङ्गरीक तरकारी उत्पादन जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।<br>च. उत्पादन प्रद्धर्शन कार्यक्रम सञ्चालन हुने जमिन रसायनिक बिषादी तथा मलको प्रयोगलाई न्यूनिकरण गरि अधिकतम प्राङगरीक मल र वानस्पातिक तथा जैविक बिषादीको प्रयोगलाई प्रसय दिनुपर्नेछ ।<br>छ. यस्ता प्रद्धर्शनीमा भएका प्रगति तथा सकरात्मक नतिजाहररुको अन्य कृषक समूह तथा कृषकहरु समक्ष प्रसार गर्न सकिनेछ । | |
| २९ | बाली संरक्षण कार्यक्रम | क. बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न बिभिन्न बालीमा लाग्ने रोग तथा किराको प्रकोपलाई नियन्त्रण गर्न कार्यालयले बाली संरक्षण कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>ख. रोग र किराको प्रकोप फैलिइ बालीको उत्पादन र उत्पादकत्वमा ह्रास आउन सक्ने संभावित अवस्थालाई ध्यान दिइ कृषि बिकास शाखाले नियमित फिल्ड अनुगमन गरी महामारीको रुपमा फैलिन नदिन बाली संरक्षणका सम्पुर्ण उपायहरु अवलम्बन गर्न सक्नेछ ।<br>(बाली संरक्षणका उपाय भन्नाले जैबिक ,भौतिक, कानुनी,यान्त्रीक तथा रसायनिक बिधिको प्रयोग गरी रोग तथा बालीका शत्रुजिवको नियन्त्रण वा न्यूनिकरण गर्नु भन्ने बुझिनेछ ।)<br>क. यस कार्यक्रम अन्तर्गत जैबिक बिषादीको प्रयोग, बानस्पतिक बिषादी बनाउने, यन्त्र तथा मोहिनी पासोको प्रयोग, आइ पि एम कार्यक्रम सञ्चालन ,मेटाराइजियम तथा सिउडोमोनसको प्रयोग , मित्र जिव संरक्षण, बिषादी स्प्रे गर्ने सामाग्री, तालिम, | बाली संरक्षण सम्वन्धी सामाग्रीहरु तथा प्राविधिक मापदण्ड अनुसार उल्लेखित सम्पुर्ण क्रियाकलाप सञ्चालन गर्न शत प्रतिशतसम्म अनुदानमा उपलब्ध गराउन सकिनेछ ।<br>बिषादी प्रयोग गर्ने स्प्रे टैंङ्की तथा यन्त्रहरुमा अधिकतम ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | सूचना प्रवाह, जैबिक तथा रसायनिक बिषादीको बितरण,घरेलु जैविक बिषादी वनाउने सामाग्री , ड्रम, बिषादी वनाउने तालिम, बिषादी भण्डारण केन्द्र निर्माण, किरा तथा जङ्गली जन्तु भगाउने यन्त्र उपकरण वितरण लगायतका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।<br>ख. रसयानिक बिषादीको वितरण गर्दा सम्वन्धीत कृषकलाई बिषादी प्रयोग गर्ने तरिका र बिषादी प्रयोग पछि बालीमा रहने असरको अबधी समेत अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ । | |
| ३० | माछा/मासू पसल / औषधी पसल /दाना पसल अनुगमन | क. बुद्धशान्ति गाउँपालिका भित्र रहेका माछा/मासू पसल / औषधी पसल /दाना पसलहरुको नियमित अनुगमन गरी देहाय अनुसारका बिषयमा तथ्याङ्क लिइ अद्यावधिक गर्नुपर्नेछ ।<br>i. माछा मासु पसलबाट उपभोक्ताले स्वस्थ्य माछा मासु उपयोग गरे /नगरेको माछा मासु पसलको समग्र अवस्था<br>ii. औषधी पसलहरुमा नेपाल सरकारले प्रतिवन्ध लगाएको औषधीहरुको बेच बिखन गरे/नगरेको तथा बार्षिक रुपमा औषधीको बिक्रि वितरण गरेको<br>iii. औषधी पसलहरु औषधी ब्यवस्था बिभागमा दर्ता भए/नभएको<br>दाना पसलले बार्षिक दाना बिक्रि/कुखुराको चल्लाको बार्षिक बिक्रिको अवस्था | क. यस कार्यक्रम अन्तर्गत देहायका बिषयमा खर्च गर्न सकिनेछ ।<br>i. तथ्याङ्क फार्म छपाइ तथा प्रविष्ट गर्ने तथा प्रतिबेदन तयार गर्ने ।<br>ii. पदाधीकारी तथा कर्मचारी अनुगमन खर्च ।<br>इन्धन/खाना/खाजा आदि |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ३१ | कृषि/पशुपन्छी फार्मको दर्ता तथा फार्म अनुगमन | क. बुद्धशान्ति गाउँपालिकामा रहेका कृषि तथा पशुपन्छी फार्महरुको दर्ताका लागी बुद्धशान्ति गाउँपालिका को कृषि तथा पशुपन्छी ऐन २०७८ को दफा १० ( पहिलो संशोधन २०८१ समेत ) अनुसारको मापदण्डमा भए नभएको अनुगमन गर्नु पर्नेछ ।<br>ख. कार्यालयमा दर्ता भएका फार्महरुको समग्र अवस्था तथा सुधारका पक्षहरु / पशुपन्छीको रोग तथा रोगको जैबिक ब्यवस्थापन सम्वन्धीको अवस्था / बालीका रोग तथा किराको प्रकोप तथा त्यसको नियन्त्रण । | क. यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।<br>i. अनुगमन तथा तथ्याङ्क फर्म छपाइ तथा कम्प्युटरमा प्रविष्ट गर्ने कार्य ।<br>ii. पदाधिकारी तथा कर्मचारी अनुगमन वापतको सुविधा<br>इन्धन/खाजा/खाना आदि |
| ३२ | पशु स्वास्थ्य तथा पशु सेवा कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत पशुपन्छीमा लाग्ने बिभिन्न रोगको लागि आवश्यक पर्ने औषधीहरु कार्यालयमा उपचारका लागी आएका पशुपन्छीहरुलाई आवश्यक जाँच गरी रोगको निदानका लागी औषधी उपलब्ध गराउन सकिनेछ ।<br>ख. उपचार गरेको पशुपन्छीको विवरण सुरक्षित रुपमा राख्नुपर्नेछ ।<br>ग. पशु बन्ध्याकरण कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।<br>घ. गोबर परिक्षण/थुनिलो परिक्षण/गर्भिणी परिक्षण लगायतका परिक्षण गर्न सकिनेछ ।<br>ङ. बाह्य र भित्रि परिजिवी रोग नियन्त्रणका लागि औषधी तथा उपचार गर्न सकिनेछ ।<br>च. पशुबस्तुमा हुने बाझोपनको उपचार गर्न सकिनेछ । | क. पशुपन्छीको रोग पहिचान गरी उपलब्ध भएको औषधीहरु नि-शुल्क वितरण गरिनेछ ।<br>ख. पशुबस्तुको बन्ध्याकरणका लागि आर्थिक ऐनमा भएको व्यवस्था अनुसारको दस्तुर लाग्नेछ ।<br>पशुपन्छिको परिक्षण/गोबर/थुनेलो/बाह्य तथा भित्रि परिजिवि परिक्षण/बाझोपना परिक्षण गरी आवश्यक पर्ने औषधी, पोषक तत्व तथा हर्मोन निशुल्क उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ३३ | सामूदायिक कुकुर बन्ध्याकरण कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका क्रियाकलाप हरु सञ्चालन गर्न सकिनेछ ।<br>क. बुद्धशान्ति गाउँपालिकाभित्र रहेका सामूदायिक तथा घरपालुवा कुकुरहरुको जनसङ्ख्या नियन्त्रणका लागि नि-शुल्क बन्ध्याकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>ख. बन्ध्याकरण  कार्यक्रम बिज्ञ टोलीद्धारा आवश्यक तथा पायक पर्ने क्षेत्रको चयन गरी शिबिरको रुपमा सञ्चालन गरिनेछ ।<br>ग. बन्ध्याकरणको लागि सेवा प्रदायकको छनौट सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।<br>घ. बन्ध्याकरणका लागि  आवश्यक पर्ने सम्पुर्ण लजिष्टिक सामाग्रीहरुको व्यवस्थापन सम्वन्धीत सेवा प्रदायकबाट हुने ब्यवस्था मिलाउनुपर्नेछ ।<br>सेवा प्रदायक संस्थाले शिबिर पश्चात सम्पुर्ण कागजात तथा कामसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । | बन्ध्याकरणको लागि सेवा प्रदायकको छनौट सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ । |
| ३४ | मागमा आधारित कार्यक्रम | क. बार्षिक स्वीकृत कार्यक्रममा बिषय क्षेत्र समावेश नभएका तर कृषकहरुको माग भएका बिषयमा कृषकहरुको माग तथा आवश्यकता र औचित्यको आधारमा कृषक/कृषक समूह/कृषि फार्म/कृषि सहकारी/ उद्यमीलाई कृषि अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. कृषकहरुले सञ्चालन गरिरहेको ब्यवसायलाई व्यवसायिक र दिगोरुपमा सञ्चालन गर्न आवश्यक पुर्वाधार , नविनतम कृषि प्रबिधिमा आधारित सामाग्री  खरिद | सञ्चालित ब्यवसायलाई व्यवसायिक र दिगोरुपमा सञ्चालन गर्न आवश्यक पुर्वाधार बिकास ,नविन कृषि प्रबिधिमा आधारित उत्पादन सामाग्री  खरिद, साना यन्त्र उपकरण  तथा औजार खरिद, उत्पादित बस्तुको वजारीकरणका लागि आवश्यक सामाग्री, नविनतम कृषि प्रसार |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | ,उत्पादित बस्तुको मूल्य अभिबृद्धि र बजारीकरण आदि बिषयबस्तु समेटेको हुनुपर्नेछ ।<br>ग. हालसम्म कुनै पनि निकायबाट अनुदान प्राप्त नगरेका कृषकहरुलाई प्राथमिकता दिनुपर्नेछ । | सम्वन्धी सेवाका लागी अधिकतम ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३५ | प्राङ्गरिक कृषि प्रवर्द्धन कार्यक्रम | क. यो कार्यक्रममा बिशेष गरी प्राङ्गरीक तरकारी,फलफूल, खाद्यान्न तथा नगदेबालीको उत्पादन तथा उत्पादित बस्तुको प्रवर्द्धन तथा वजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरु सञ्चालन गर्न सकिन्छ ।<br>ख. कार्यक्रम सञ्चालन हुने क्षेत्र ब्यक्तिको एकल जमिन भएमा कम्तिमा ५ कट्ठा र कृषक समूह/फार्म /कृषि सहकारीको हकमा कम्तिमा १ हेक्टर क्षेत्रफल हुनुपर्नेछ ।<br>ग. यस कार्यक्रम अन्तर्गत गाई/भैसिको भकारो सुधार/ गड्यौली मलको पिट निर्माण/ मल प्याकेजिङ/मलको गुणस्तर परिक्षण/हरियो मल प्रबर्द्धन,एकिकृत शत्रु जीव ब्यवस्थापनका लागि आइ पि एम तालिम, रात्रीमल, वानस्पतिक बिषादी तयार तथा प्रयोग, उत्पादन प्रद्धर्शन,नतिजा प्रद्धर्शन, जैबिक /कम्पोट मल तयारी,प्रांगरिक प्रमाणिकरणका लागि सहयोग,कृषि प्राबिधिकहरुको परिचालन, प्लाष्टिक घर सुधारका लागि इन्सेक्ट नेट व्यवस्थापन, पशुबस्तुको मुत्र संकलन, प्राङ्गरीक कृषि उपज बिक्रि स्थल निर्माण, प्राङ्गरिक कृषि उपज उत्पादन हुने क्षेत्रमा सिचाई पुर्बाधार निर्माण लगायतका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ । | कुल लागतको बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>आइ पि एम कृषक पाठशाला, कृषक स्तरिय तालिम , नतिजा /तरिका/उत्पादन प्रद्धर्शन, प्राबिधिक सेवामा शत प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | घ. बालीमा लाग्ने रोग किरा नियन्त्रणका लागि रसायनिक बिषादीको प्रयोग गर्न पाइने छैन ।<br>उत्पादित कृषि उपजको वजारीकणका लागि आवश्यक प्रबन्ध मिलाई छुट्टै बजार वा सटरको व्यवस्था गर्नुपर्नेछ । | |
| ३६ | नविनतम कृषि प्रविधि सम्वन्धी तालिम | क. आवश्यकताका आधारमा बिषयबस्तु र सहभागीहरुको छनौट गरी सकेसम्म नविनतम प्रबिधिहरुको प्रयोग प्रयोगात्मक रुपमा नै सिक्न पाउने ब्यवस्था मिलाउने ।<br>ख. सम्वन्धित बिषयको बिशेषज्ञ/प्राबिधिकको व्यवस्थापन गर्नुपर्नेछ ।<br>ग. तालिमको अबधि बिषयबस्तु तथा स्वीकृत बजेटको परिधिभित्र स्थलगत भएमा १ दिन र ब्यवसायिक भएमा २ देखि बढिमा ७ दिन सम्म सञ्चालन गर्न सकिनेछ ।<br>घ. सहभागीहरुको छनौट सम्वन्धीत शाखाले कृषकहरुबाट माग संकलन गरी वा वडा कार्यालयको सिफारिसका आधारमा गर्नुपर्नेछ ।<br>ङ. सहभागीहरुको सङ्ख्या कम्तिमा १५ जना र बढिमा ४० जना हुनुपर्नेछ ।<br>च. तालिमको बिषयबस्तु अनुसार नविनतम प्रबिधिहरु सम्वन्धी ज्ञान तथा शिपको बिकास गर्न सहभागीहरुलाई स्थलगत रुपमा अवलोकलन भ्रमण गराउन सकिनेछ ।<br>यस कार्यक्रम अन्तर्गत बिभिन्न बालीमा लाग्ने रोग किरा, बाली उत्पादन ,प्रशोधन, प्रबिधि प्रयोग, प्राङ्गरीक कृषि ,मलखाद्य व्यवस्थापन, बाली अनुसारको खेति प्रबिधि, माछापालन मौरीपालन, दुध तथा दुधबाट बन्ने परिकार, च्याउ तथा पशुपन्छी | बुद्धशान्ति गाउँपालिकाको आर्थिक कार्य सञ्चालन निर्देशिका २०८० अनुसार हुनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | लाग्ने रोग जुनेटिक रोग, घाँसेबाली, आहारा व्यवस्थापन,गोठ /खोर ब्यवस्थापन तथा पशुपालन सम्वन्धी अन्य बिषयबस्तुहरु समावेस गर्न सकिनेछ । | |
| ३७ | रैथाने बाली प्रबर्द्धन कार्यक्रम | क. परापुर्बकाल देखि खेति गर्दै आएका पुराना बाली तथा जातको खेतिका लागि कृषकहरुलाई प्रोत्साहित गर्न त्यस्ता क्षेत्रको पहिचान गरि कम्तिमा १० कट्ठा क्षेत्रफलमा आवश्यक पर्ने बीउ, बेर्ना, मल ,बिषादी तथा यन्त्र उपकरण , सिचाइ पुर्बाधार निर्माण र बीउ भण्डारण, सिड बिन आदि क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।<br>ख. नेपालमा नै उत्पादित बीउ तथा बेर्नाको प्रयोग गर्नुपर्नेछ ।<br>ग. उत्पादित बस्तुको प्याकेजिङ तथा बजारीकरणका लागि आवश्यक पर्ने सामाग्री तथा प्रबिधिमा अनुदान उपलब्ध गराउन सकिनेछ । | कुल लागतको बढिमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३८ | घाँस तथा घासेवाली सम्बन्धी कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत घाँसको बिउ उत्पादन बिज बृद्धि कार्यक्रम सञ्चलन गर्न सकिनेछ ।<br>ख. कृषकहरुको मागका आधारमा हिउदे ,बर्षे तथा बहुबर्षे घाँसको बीउ तथा सेड उपलब्ध गराउन सकिनेछ ।<br>ग. घाँस तथा घासँको बीउ उत्पादनका लागि कम्तिमा १० कट्ठा क्षेत्रफल हुनुपर्नेछ ।<br>घासँ तथा घाँसेवालीको क्षेत्र विस्तारका लागि आवश्यक पर्ने उत्पादन सामाग्रीहरु उपलब्ध गराउन सकिनेछ । | कुल लागतको बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ३९ | पकेट बिकास कार्यक्रम | क. कुनै निश्चित बालीको क्लष्टर क्षेत्र निर्धारण गरी उक्त क्षेत्रमा अधिकतम कृषि प्रबिधिको प्रयोग गरी उत्पादन तथा उत्पादकत्व बृद्धि हुने खालका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।<br>ख. पकेट क्षेत्रमा लागी आलु तथा तरकारी बालीका लागी कम्तिमा १० हेक्टर ,खाद्यान्न बालीका लागि १५ हेक्टर , च्याउ खेतिका लागि कम्तिमा ५ वटा १८*३६ मिटरका च्याउ घर हुनुपर्नेछ , नर्सरीका लागी कम्तिमा ६ कट्ठा क्षेत्रफल वा ५ वटा टनेल वा ग्रिन हाउस हुनुपर्नेछ ।<br>ग. पकेट क्षेत्र निर्धारणका लागि भौगोलिक अवस्था ,हावापानी , माटोको बनौट, कृषकहरूको रुचि , एउटै क्लष्टर क्षेत्र भएको , बजारीकरण गर्न सकिने क्षेत्र, सिचाइ पुर्बाधार भएको वा हुनसक्ने क्षेत्र आदिको आधारमा गर्नुपर्नेछ ।<br>घ. पकेट क्षेत्र निर्धारणका लागि एक प्राबिधिक समिति गठन गरी प्राविधिक समितिको सिफारिसका आधारमा आर्थिक बिकास समिति र कार्यपालिकाबाट निर्णय गर्नुपर्नेछ ।<br>ङ. लाभग्राही कृषकहरुको तथ्याङ्क संकलन गरी कृषकहरुको आवश्यकता पहिचान गर्नुपर्नेछ ।<br>च. उत्पादन तथा उत्पादित बस्तुको वजारीकरणका लागि आवश्यक पर्ने उत्पादन सामाग्री , भौतिक पुर्बाधार निर्माण ,सिचाई पुर्बाधार निर्माण, वजारीकरण तथा प्रशोधन सामाग्री, तालिम, प्रद्धर्शनी , बालीको क्रपकटिङ आदि क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ । | क. कुल लागतको बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. तालिम,प्रद्धर्शनी , क्रपकटिङ तथा प्राबिधिक सेवा निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ । र उक्त कार्यका लागि कुल बिनियोजित वजेटको अधिकतम २० प्रतिशत सम्म मात्र खर्च गर्न सकिनेछ ।<br>ग. उत्पादित बस्तुको वजारीकरणका लागि वजार,सटरको व्यवस्थापन , प्राङ्गरिक स्टल , भण्डारण तथा कोल्ड रुमको व्यवस्थापन आदि कार्यका लागि बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | छ. पकेट बिकास कार्यक्रमबाट भएका प्रगतिहरु प्रतिवेदन तयार गरी सम्बन्धीत शाखाले कार्यपालिकामा पेश गर्नुपर्नेछ ।<br>पकेट कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कृषि बिज्ञ, प्राबिधिक जनशक्तिको नियुक्ति गर्न सकिनेछ । | |
| ४० | प्रबिधि प्रबर्द्धन तथा प्रबिधि प्रयोग अनुदान | क. कुनै पनि बालीको उत्पादन ,प्रशोधन, प्याकेजिङ तथा वजारीकरणका लागि आवश्यक पर्ने नयाँ प्रबिधि तथा उपकरण प्रयोग गरी उत्पादन,प्रशोधन तथा वजारीकरणका लागि कृषकहरुको लागत न्युनिकरण गर्न त्यस्ता उपकरण तथा प्रबिधिको प्रयोगका लागि लाग्ने भाडामा अनुदान उपलब्ध गराउन सकिने छ ।<br>ख. उत्पादन सामाग्री( मल बीउ बिषादी शुक्ष्म खाल्तत्व) अनुदानमा उपलब्ध गराउन सकिनेछ ।<br>ग. उत्पादनसँग सम्वन्धित कार्यक्रमको हकमा ब्यक्तिगतको कृषकको लागी कम्तिमा १० कठ्ठा र सामूहिक रुपमा १ हेक्टर क्षेत्रफल हुनुपर्नेछ ।<br>घ. चक्लावन्दी तथा एउटै क्लष्टर हुने क्षेत्रलाई प्राथमिकता राखी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।<br>ङ. उन्नत प्रबिधिको प्रयोग गर्न कृषकहरुलाई प्राबिधिक तालिम उपलब्ध गराउन सकिनेछ ।<br>च. उन्नत प्रबिधिको प्रयोगका सम्वन्धीत बिषयको बिज्ञ वा प्राबिधिक जनशक्तिलाई परिचालन गर्न सकिनेछ ।<br>प्रबिधि प्रयोगलाई अभिबृद्धि गर्न कृषक समूह/कृषि सहकारीहरुलाई परिचालन गर्न सकिनेछ । | क. यन्त्र उपकरण खरिदका लागि बढिमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. यन्त्र उपकरणहरु भाडामा प्रयोग गर्ने भए लाग्ने भाडा दरमा बढिमा ६० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. उत्पादन सामाग्रीहरुमा बढिमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>यन्त्र उपकरण प्रयोग तथा प्रबिधिको प्रयोगका लागि तालिम उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ४१ | गोठ/ खोर सुधार कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत गाई/भैसी/बाख्रा/बङ्गुर पालन गरी कृषि तथा पशुपन्छी ऐन २०७८ को दफा १० अनुसारको मापदण्ड बमोजिम यस कार्यालयमा फार्म दर्ता गर्ने फार्महरुलाई गोठ /खोर नयाँ निर्माण तथा सुधारको लागि अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>गाई/भैसी/बङ्गुर/बाख्राको मलखाडलको सुधार गरी प्राङ्गरीक मलको गुणस्तर कायम राख्न भकारो सुधार कार्यक्रम सञ्चालन गर्न सकिनेछ । | कुल लागतको बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ४२ | मसलाजन्य बाली प्रबर्द्धन कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत बेसार, अदुवा ,अलैची, पान,लसुन,प्याज लगायतका मसलाजन्य बालीहरूको उत्पादन, प्रशोधन, प्याकेजिङ,ब्रान्डिङ तथा वजारीकरण सम्वन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।<br>ख. कृषक समूह/कृषिसहकारी /कृषि फार्महरुले सामूहिक वा एउटै क्लष्टर क्षेत्रमा मसलाजन्य बालीको उत्पादन/प्रशोधन/वजारीकरण गर्न चाहेमा कृषकहरुको पहिचान गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. मसलाजन्य बालीको उत्पादनका लागी न्यूनतम ७ कठ्ठा क्षेत्रफल हुनुपर्नेछ । बजारीकरण र प्रशोधनका लागी सञ्चालन गरिने क्रियाकलापहरु खुलेको प्रस्तावना हुनुपर्नेछ ।<br>घ. यस कार्यक्रम अन्तर्गत मसलाजन्य बालीको उत्पादनका लागि आवश्यक उत्पादन सामाग्रीहरु (मल ,बीउ, जैविक तथा रसायनिक बिषादी, शुक्ष्म खाद्यतत्व, ) तथा साना कृषि यन्त्र तथा उपकरणहरु अनुदानमा उपलब्ध गराउन सकिनेछ । साथै तालिम कार्यक्रमहरु /प्राबिधिक सेवा उपलब्ध गराउन सकिनेछ । | क. उत्पादन सामाग्रीमा अधिकतम ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. प्रशोधन तथा प्याकेजिङ सामाग्रीमा अधिकतम ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ग. उत्पादनका लागि प्रयोग गरिने मिनिटिलर पावर टिलरमा ५० प्रतिशत र सो बाहेकका सामाग्रीहरुमा अधिकतम ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>घ. तालिम तथा प्राबिधिक सेवामा शत प्रतिशत खर्च गर्न सकिनेछ तर तालिम गोष्ठि तथा कार्यक्रम सञ्चालन आदि |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | कार्यक्रम सञ्चालन गर्दा जग्गा तयारीमा लाग्ने सम्पुर्ण खर्च सम्वन्धित लाभग्राहीले ब्यहोर्नुपर्नेछ । उक्त शिर्षकमा अनुदान उपलब्ध गराउन सकिने छैन । | शिर्षकमा खर्च गर्दा विनियोजित वजेटको बढिमा २५ प्रतिशत मात्र खर्च गर्नुपर्नेछ ।<br>कार्यक्रम सम्पन्न भएपश्चात क्रपकटिङ गरी उत्पादकत्व परिक्षण गर्नुपर्नेछ र सो को लागी क्रपकटिङ कार्यक्रम अनुसार खर्च गर्न सकिनेछ । |
| ४३ | आइ.पि.एम. कृषक पाठशला | क. आइ.पि. एम. कृषक पाठशाला कार्यक्रम कुनै पनि बालीको बाली अवधीभर सञ्चालन गर्नुपर्नेछ ।<br>ख. आइ.पि.एम. कृषक पाठशालामा बिषादीको न्यूनिकरण गरी रोग किराको एकिकृत शत्रुजिव ब्यवस्थापन गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषकहरुलाई नयाँ प्रबिधिहरुको अवलम्वन गर्न प्रेरित गर्ने बिषयबस्तु समावेस गर्नुपर्नेछ ।<br>ग. आइ.पि.एम. कृषक पाठशालामा कम्तिमा २० जना कृषकहरुलाई अनिवार्य सहभागी गराउनु पर्नेछ ।<br>घ. आइ.पि.एम. कृषक पाठशाला एक हप्तामा कम्तिमा १ दिन सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्नुपर्नेछ ।<br>ङ. पाठशाला अवधिभर एक जना मुख्य प्रशिक्षक र एक जना सहायक प्रशिक्षक वा सहयोगी हुनुपर्नेछ ।<br>च. एकिकृत शत्रुजिव व्यवस्थापनका लागि कृषक तरिका र आइ.पि.एम. तरिकाको तुलनात्मक बिक्ष्लेषण गरी कृषकहरुले अवलम्बन गर्न सक्ने प्रबिधि र प्रबिधिको | क. प्राविधिक सहजीकरण भत्ता<br>i. कृषक सहजकर्ता-दैनिक रु १०००।-<br>ii. प्रा.स. /ना.प्रा.स सहजीकरण भत्ता -दैनिक रु १२००।-<br>iii. अधिकृत स्तर प्राबिधिक सहजीकरण भत्ता- दैनिक रु १५००।—<br>ख. यातायात खर्च -दैनिक रु ५००।— ( बढिमा १६ पटक सम्म मात्र )<br>ग. सहभागीलाई चिया/खाजा -दैनिक -रु १५०।—<br>घ. उत्पादन सामाग्री -बाली अनुसार प्रचलित बजार दर |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | प्रयोग मार्फत रोग किरा नियन्त्रण र उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न गरिएका प्रयासहरुको प्रतिवेदन सम्वन्धित प्राविधिकले तयार गर्नुपर्नेछ ।<br>छ. आइ.पि.एम. कृषक पाठशाला सञ्चालनका लागि तरकारी बालीको लागि कम्तिमा २ कठ्ठा र खाद्यान्न बालीका लागि कम्तिम ३ कट्ठा जग्गा हुनुपर्नेछ । र जग्गाको चयन गर्दा सिचाई पुर्वाधार भएको , सडकको छेउ र माटोमा प्रशस्त खाद्यतत्व भएको क्षेत्र छनौट गर्नुपर्नेछ ।<br>ज. कृषक पाठशाला कार्यक्रम सम्पन्न भए पश्चात कृषकहरुलाई नविनतम् प्रबिधि प्रसारका लागि कृषक दिवश कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>झ. यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।<br>I. प्राबिधिक सहजिकरण भत्ता<br>II. प्राविधिक यातायात खर्च<br>III. सहभागीहरुलाई खाजा/नास्ता<br>IV. तुलनात्मक अध्ययनलाई आवश्यक पर्ने सामाग्रीहरु जस्तै झुल, तौल मेसिन, स्केल, इन्च टेप, फेरोमेन ट्याप,लाइट ट्याप, किरा संकलन बक्स ,घरेलु बिषादी बनाउने ड्रम आदि<br>V. उत्पादन सामाग्रीहरु (मल ,बीउ, जैविक बिषादी रसायनिक बिषादी, शुक्ष्म तत्व, कृषि चुन आदि)<br>VI. स्टेशनरी सामाग्री<br>VII. परिक्षण बोर्ड/नमुना परिक्षण फर्मेट /ट्रयागिङ<br>VIII. कृषक दिवश कार्यक्रमका लागि आवश्यक पर्ने सामाग्रीहरु- | ङ. तुलनात्मक अध्ययनका लागि सामाग्रीहरु — प्रचलित वजार दर अनुसार<br>च. स्टेशनरी सामाग्री- प्रचलित वजार दर अनुसार<br>कृषक दिवश — कृषक दिवश कार्यक्रमका लागि एकमुष्ट बढिमा रु २५०००।- |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | ○ स्टेज ब्यवस्थापन<br>○ प्रमाणपत्र/सम्मान पत्र<br>○ उत्कृष्ठ कृषकहरुलाई पुरस्कार<br>○ खाजा/ खानाको व्यवस्थापन<br>○ अतिथि सत्कार तथा ब्यानर | |
| ४४ | सिचाई मिटर सिफारिस | क. सिचाई मिटर सिफारिसका लागि कम्तिमा ५ कठ्ठा क्षेत्रफल भएको जमिन हुनुपर्नेछ ।<br>ख. सिचाई मिटर माग गर्ने कृषकले सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र,कम्तिमा ५ कठ्ठा जमिन भएको जग्गा धनीपुर्जाको प्रतिलिपि, सोहि आ.ब. सम्मको मालपोत तिरेको रसिद, नेपाली नागरीकताको प्रतिलिपि र कार्यालयले तोकेको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।<br>निवेदक स्वयंको नाममा जग्गा धनीपुर्जा नभई परिवारको नाममा जग्गा धनीपुर्जा भएमा मन्जुरीनामा समेत पेश गर्नुपर्नेछ । | बुद्धशान्ति गाउँपालिकाको आर्थिक ऐन अनुसार हुनेछ । |
| ४५ | उत्कृष्ठ कृषक सम्मान/पुरस्कार | क. बुद्धशान्ति गाउँपालिका भित्र रहेका कृषकहरुलाई प्रोत्साहन गर्नका लागी बिभिन्न कृषि तथा पशुपन्छी पालन क्षेत्रमा कृषक तथा उद्यमीले पुर्याएको योगदानलाई आधार मानी उत्कृष्ट कृषक/कृषक समूह/फार्म/कृषि सहकारी आदिको छनौट गरी उत्कृष्ट कृषक/संस्थाहरुलाई सम्मान तथा पुरस्कृत गर्न सकिनेछ ।<br>ख. उत्कृष्ट कृषक/संस्थाहरुको छनौट गर्न सम्वन्धीत शाखा/वडा कार्यालयको सिफारिसमा आर्थिक विकास समितिले गर्नेछ । | क. कृषकहरुलाई बिभिन्न बिधा अनुसार सम्मान तथा पुरस्कृत गरिनेछ ।<br>ख. छनौट भएका कृषकहरूलाई सम्वन्धीत बाली बस्तुसँग सम्वन्धीत सामाग्री ,उपकरणहरू पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | ग. उत्कृष्ट कृषक सम्मान /पुरस्कार कार्यक्रम अन्तर्गत तपशिल अनुसारका बिधाहरु रहन सक्नेछन् । आर्थिक बिकास समितिले निर्णय गरी बिधाहरु थप/घट गर्न सकर्नेछ ।<br>i. उत्कृष्ट कृषक समूह/कृषि फार्म<br>ii. उत्कृष्ट अगुवा कृषक<br>iii. कृषि- खाद्यान्न बाली , तरकारी बाली, फलफूल बाली ,नगदे बाली ,रैथाने बाली ,सुपारी खेति प्राङ्गरीक उन्मुख खेति, नमूना बगैचा,घाँसेवाली, मौरीपालन, प्राङ्गरीक मल उत्पादन, कृषि उपज प्रशोधन ,वजारीकरण आदि<br>iv. आइ.पि.एम सहजकर्ता/कृषि /पशु प्राबिधिक<br>v. पशुपन्छी पालन — गाई,बाख्रा, बङ्गुर, भैसी,कुखुरा,हाँस, कालिज आदि<br>vi. माछापालन | ग. उत्कृष्ठ कृषकहरुलाई स्वीकृत वजेटको परिधीभित्र रहि अधिकतम २००००।— (बीस हजार मात्र ) सम्म नगद वा सो वराबरको सामाग्री/बस्तु सहित सम्मान गर्न सकिनेछ ।<br>यो कार्यक्रम सञ्चालन गर्दा सम्बन्धीत कृषकहरुको लागत सहभागिता आवश्यक पर्ने छैन । |
| ४६ | कृषि तथा पशुपन्छी सम्वन्धी दिवश मनाउने कार्यक्रम | क. नेपाल सरकारले तोकेको कृषि तथा पशुपन्छी सम्वन्धी बार्षिक दिवश मनाउने कार्यक्रमका लागि खर्च गर्न सकिनेछ ।<br>ख. यस कार्यक्रम अन्तर्गत सम्वन्धित दिवशमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने सामाग्रीको व्यवस्थापन, खाजा ,खाना, भत्ता तथा प्राविधिक सेवा, कृषक प्रोत्साहन सम्मान, मेला ,प्रद्धर्शनी , अन्तरक्रिया, जनचेतना मुलक कार्यक्रम, वडा कार्यालय मार्फत प्राविधिक सेवा<br>आदि क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ । | क. सम्बन्धित दिवशको लागी स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रचलित कानुन अनुसार खर्च गर्न सकिनेछ ।<br>यस कार्यक्रमका लागि सम्वन्धीत कृषकहरुको लागत सहभागिता आवश्यक पर्ने छैन । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ४७ | कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन तथा अद्यावधिक | क. बुद्धशान्ति गाउँपालिका भित्र रहेका प्रमुख बालीहरुले ओगटेको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था, सिचाईको अवस्था, प्रमुख बालीबस्तुहरु , सिंचित/असिचित क्षेत्र, कृषक/कृषि फार्महरुको सङ्ख्या ,अवस्था लगायत कृषिसँग सम्वन्धीत बिभिन्न तथ्याङ्कहरु संकलन, प्रविष्ठ तथा तथ्याङ्क प्रकाशन आदि गर्न सकिनेछ ।<br>ख. कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन तथा अद्यावधिक गर्न कृषि वा पशुपन्छी शाखाको प्राविधिक कर्मचारीलाई कार्यालयले फोकल पर्सन तोक्न सक्नेछ ।<br>ग. यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका क्रियाकलापमा खर्च गर्न सकिनेछ ।<br>१. प्राइमरी तथा सेकेन्डरी तथ्याङ्क संकलनका लागि गणकहरु खटाउन सकिनेछ ।<br>२. तथ्याङ्क फर्मेट छपाई,तथ्याङ्क संकलकलाई पारिश्रमिक, इन्धन तथा सञ्चार सुविधा, अन्तरक्रिया ,जनप्रतिनिधी तथा कृषकहरु सँग छलफल, अनुगमन, तथ्याङ्क प्रविष्ठ,तथ्याङ्क प्रबिष्ठका लागि आवश्यक पर्ने मोवायल वा ल्यापटप खरिद, पुस्तक/प्रतिवेदन तयारी आदि शिर्षकमा खर्च गर्न सकिनेछ ।<br>३. स्थलगत रुपमा घरधुरी सर्वेक्षण गर्नुपर्ने अवस्था बाहेकमा गणकलाई इन्धन र सञ्चार सुविधा उपलब्ध गराउन पाइनेछैन । | क. घरधुरी सर्वेक्षणका लागि खटिने तथ्याङ्क संकलकलाई प्रति घरधुरी रु १००।— ( एक सय रुपैया मात्र ) पारिश्रमिक उपलब्ध गराइनेछ ।<br>ख. घरधुरी सर्वेक्षण कार्यका लागी खटिने तथ्याङ्क संकलक कर्तालाई इन्धन तथा सञ्चार खर्च वापत प्रति घर रु १०।— ( दश रूपैया मात्र ) उपलब्ध गराउन सकिनेछ ।<br>ग. तथ्याङ्क प्रविष्ठ गर्नका लागि प्रति घरधुरी अधिकतम रु १०।— (दश रूपैया मात्र) उपलब्ध गराउन सकिनेछ ।<br>घ. तथ्याङ्क छपाइ , तथ्याङ्क संकलन तथा प्रविष्ठका लागि आवश्यक पर्ने सामाग्री खरिद प्रचलित वजार दर अनुसार खरिद गर्ने सकिनेछ ।<br>अन्तरक्रिया गोष्ठि, तालिम, छलफल, अनुगमन आदिका लागि बिनियोजित वजेटको बढिमा ३० प्रतिशत सम्म खर्च गर्न सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ४८ | लसुन तथा प्याज उत्पादन प्रबर्द्धन कार्यक्रम | क. लसुन तथा प्याज खेतिको संभावना भएका वडा तथा क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यालयले सूचना प्रकाशित गरि माग संकलन गर्नुपर्नेछ ।<br>ख. कृषक/कृषक समूह/कृषि फार्म/कृषि सहकारीहरुले आवेदन पेश गर्नुपर्नेछ ।<br>ग. प्रति कृषक (ब्यक्तिगत)न्यूनतम १० कठ्ठा र कृषक समूह/कृषि सहकारी मार्फत भएमा प्रति क्लष्टर न्यूनतम २.५ हेक्टर क्षेत्रफलमा खेति गर्नुपर्नेछ ।<br>घ. यस कार्यक्रम अन्तर्गत उत्पादन सामाग्रीहरु मल, बीउ बिषादी, साना कृषि औजार ,यन्त्र उपकरण ,मल्चिङ प्लाष्टिक ,साना सिचाई, ग्रीन नेट ,हजारी ,प्लाष्टिक टनेल, कोकोपिट ,भर्मिकम्पोष्ट , आदि क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ । | कुल लागतको बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ४९ | सामुदायिक कृषि यान्त्रीकरण सेवा केन्द्र (Custom Hiring center)स्थापना तथा सञ्चालन | क. ३ देखि ५ कठ्ठा क्षेत्रफल भएको जग्गाको व्यवस्थापन हुनुपर्ने ।<br>ख. केन्द्र स्थापना पछि कृषकहरुलाई भाडामा कृषि यन्त्र उपकरण उपलब्ध गराउँदा सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ । सेवा केन्द्र सञ्चालन पद्धति सहितको प्राबिधिक संहिता (Technical code of conduct) अनिवार्य रुपमा तयार गरी लागु गर्नुपर्नेछ ।<br>भाडा निर्धारणका लागि अनुदानग्राही संस्था/फर्म/कम्पनी, कृषि ज्ञान केन्द्रका प्रतिनिधी , सम्बन्धीत वडाको वडाध्यक्ष,आर्थिक बिकास समितिका संयोजक वा सदस्य, बिषय बिशेषज्ञ, कृषक प्रतिनिधी , कृषि शाखा प्रमुख र पशुपन्छी शाखा प्रमुखको प्रतिनिधीत्व हुने गरी ९सदस्य सामूदायिक कृषि यान्त्रीकीकरण सेवा भाडा निर्धारण समिति गठन गर्नुपर्नेछ । | सामुदायिक कृषि यान्त्रीकरण सेवा केन्द्रका लागि टहरो निर्माण तथा आवश्यक मेशिनरी यन्त्र उपकरणहरु खरिदमा अधिकतम ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ५० | गोठ तथा भकारो सुधार कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत ब्यवसाय उन्मुख गाई/भैसि/बङ्गुर २ वा सो भन्दा बढि पाल्ने कृषकहरुमध्येबाट कृषकहरुको छनौट गरिनेछ ।<br>ख. छनौट भएका कृषकहरुले गोठ/भकारो सुधारका लागि कम्तिमा १५ बर्ग मिटर गोठको भुइ सतह सिमेन्ट ढुङ्गाले ढलान गर्नुपर्नेछ ।<br>ग. मुत्र संकलनका लागि १.५. घन मिटरको खाल्डो खन्नुपर्नेछ ।<br>घ. पानीको लागी ५०० लिटरको पानीको ट्याङ्की व्यवस्थापन गर्नुपर्नेछ ।<br>भकारोमा मल र मूत्र फरक-फरक ठाउँमा जम्मा हुने र घाँम र पानीवाट जोगिने गरी छानाको व्यवस्थापन अनिवार्य गर्नुपर्नेछ । | प्राविधिक मूल्याङ्कन अनुसार कुल लागतको वढिमा ७५ प्रतिशत वा प्रति भकारो सुधार ३००००।— मा नवढ्ने गरी अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५१ | छुर्पि प्रबर्द्धन कार्यक्रम | क. यस कार्यक्रम अन्तर्गत भौगोलिक संभाव्यता अनुसार छुर्पि उत्पादन प्रबर्द्धन गर्न निम्न अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।<br>क. छुर्पि उत्पादनका लागि क्रिम सेप्रेटर ब्याच पाष्चुराइजर /स्टिम बोइलर मिल्क एनलाइजर छुर्पि प्रेस लगायत अन्य भाडाकुडा खरिद<br>ख. छुर्पि उत्पादन सम्वद्ध भौतिक पुर्वाधार निर्माण<br>ग. छुर्पि प्याकेजिङ तथा ब्रान्डिङ सम्बनधी औजार तथा ब्यवस्थापकीय सामाग्री खरिद गर्न सकिनेछ ।<br>बार्षिक ५०० के.जी छुर्पि उत्पादन भएको हुनुपर्नेछ । | क. मेसिनरी औजार तथा उपकरण खरिदमा बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>ख. भौतिक पुर्वाधार निर्माणमा बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।<br>ब्यवस्थापकीय सामाग्रीमा बढिमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५२ | युवा लक्षित कृषि तथा पशुपन्छी बिकासमा सहयोग | क. यो कार्यक्रम कृषि तथा पशुपन्छी पालनमा संलग्न हुन चाहाने स्थानिय युवा-युवतीलाई ब्यवसायिक तरकारी च्याउ र मह उत्पादन कार्यमा लक्षित हुनेछ । | उत्पादन सम्वद्ध पुर्वाधार बीउ बिरुवा मौरी घार गोला र अन्य आवश्यक उत्पादन सामाग्रीहरु यन्त्र उपकरण सिचाई पुर्वाधार निर्माण र ब्यवस्थापनान |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | i. तरकारी उत्पादन कार्यक्रम- न्यूनतम ७ कट्ठा क्षेत्रफद्यमा ब्यवसायिक तरकारी खेति गर्नुपर्नेछ वा २ वटा थोपा सिचाई सहितको प्लाष्टिक टनेल निर्माण गर्नुपर्नेछ । <br> ii. च्याउ उत्पादन कार्यक्रम- कन्ये च्याउ तथा Milky white च्याउको हकमा कम्तिमा २ वटा १४ फिट चौडाइ र २२ फिट लम्बाईका टहरा निर्माण गरी च्याउ खेति गर्नुपर्नेछ । च्याउको seed उत्पादन का लागि आवश्यक पर्ने यन्त्र उपकरण तथा सामाग्री खरिद गर्न सकिनेछ । <br> मौरी पालन/मह उत्पादन- न्यूनतम १५ वटा मौरी घार पालन गर्नुपर्नेछ वा १५ वटा घार थप गर्नुपर्नेछ । | अधिकतम ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५३ | कोल्ड रुम निर्माण | क. आफ्नै स्वामित्वमा कम्तिमा ३ कट्ठा जमिन आवश्यक पर्नेछ । <br> ख. न्यूनतम ५० मे टन क्षमताको हुनुपर्नेछ । <br> ग. ३ (तिन) फेजको बिद्युत लाईन ५० के भि ए क्षमताको जेनेरेटर हुनुपर्नेछ । <br> घ. अनुदान रकमबाट संरचना निर्माण तथा चिस्यान सम्वद्ध यन्त्र खरिद बाहेक जग्गा खरिद लगायतका कार्य सम्वन्धित लाभग्राही संस्थाले ब्यहोर्नुपर्नेछ । <br> प्रस्तावकले निर्माण गरिने कोल्ड रुममा कुन कुन बाली बस्तुहरु भण्डारण गर्ने उक्त बाली बस्तुहरु कहा कहा वाट खरिद तथा संकलन गर्ने, कति परिमाणमा भण्डारण गर्ने, बार्षिक आय र ब्ययको अनुमानित विवरण, प्रति इकाई भाडादर ,ब्यवसायिक योजना खुलेको बिस्तृत प्रतिवेदन ,निवेदन र प्रस्ताव साथ संलग्न गर्नुपर्नेछ । | कोल्ड रुम निर्माण सम्बद्ध संरचना निर्माण तथा यन्त्र उपकरण खरिद तथा जडानमा अधिकतम ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

आज्ञाले,

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत